# नेपाल विद्युत प्राधिकरण

## विद्युत वितरण विनियमावली,

## २०७८

(संशोधन सहित)

२०७८ पौष

# विषय सूची


| विनियम | | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद-१** | |
| | **प्रारम्भिक** | |
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| | **परिच्छेद – २** | |
| | **विद्युत लाइन एवम् मिटर जडान सम्बन्धी व्यवस्था** | |
| ३. | विद्युत लाइन जडान गर्न आवेदन दिनु पर्ने | ४ |
| ४. | प्राविधिक जाँच सम्बन्धी व्यवस्था | ५ |
| ५. | धरौटी रकम बुझाउनु पर्ने | ६ |
| ६. | प्राधिकरणको पूर्व स्वीकृति लिनुपर्ने सम्बन्धी व्यवस्था | ६ |
| ७. | लोड स्वीकृति सम्बन्धी व्यवस्था | ६ |
| ८. | मिटर जडान गर्नु पर्ने | ६ |
| ९. | फिडर बनाउन नपाउने सम्बन्धी व्यवस्था | ७ |
| १०. | सिल लगाउने सम्बन्धी व्यवस्था | ८ |
| ११. | निर्माण वा अन्य कार्यको खर्च | ८ |
| १२. | निजी ट्रान्सफरमर सम्बन्धी व्यवस्था | ९ |
| १३. | साझा ट्रान्सफरमर सम्बन्धी व्यवस्था | १० |
| १४. | ट्रान्सफरमर जाँच गराउनु पर्ने सम्बन्धी व्यवस्था | १० |
| १५. | अस्थायी विद्युत लाइन तथा मिटर सम्बन्धी व्यवस्था | १० |
| १६. | विद्युत लाइन तथा मिटर जडान गर्न प्रतिबन्ध | ११ |
| १७ | निरन्तर विद्युत आपूर्ति गर्ने सम्बन्धी विशेष व्यवस्था | १२ |
| | **परिच्छेद – ३** | |
| | **विद्युतीय सवारी साधन चार्जिङ्ग पूर्वाधार निर्माण सम्बन्धी** | |
| १८. | विद्युतीय सवारी साधन चार्जिङ्ग पूर्वाधार निर्माण तथा सञ्चालनका नीतिहरु | १३ |
| १९. | सार्वजनिक चार्जिङ्ग स्टेसनका पूर्वाधार | १३ |
| २०. | सार्वजनिक चार्जिङ स्टेसन रहने स्थान | १५ |
| २१. | सार्वजनिक चार्जिङ स्टेसनको डाटाबेस | १५ |
| २२. | सार्वजनिक चार्जिङ्ग स्टेसनसम्बन्धी प्रवर्द्धनकारी विशेष व्यवस्था | १५ |
| २३. | सार्वजनिक चार्जिङ्ग स्टेसनको विद्युत सेवा बन्द सम्वन्धी व्यवस्था | १५ |

## परिच्छेद – ४

## मिटर जांच तथा मिटर रिडिङ्ग सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| २४. | मिटर जाँच गर्ने व्यवस्था | १६ |
| २५. | सि.टी./पि.टी. जडान भएको मिटर निरीक्षण सम्बन्धी व्यबस्था | १७ |
| २६. | मिटर रिडिङ्ग र बिलिङ्ग सम्बन्धी व्यवस्था | १८ |
| २७. | छुट बिलिङ्ग सम्बन्धी व्यवस्था | १८ |
| २८. | छुट बिलको किस्ताबन्दी सम्बन्धी व्यवस्था | १९ |


## परिच्छेद – ५

## विद्युत महसुल, दस्तुर एवम् अन्य रकम सम्बन्धी व्यवस्था र लाइन काटिने अवस्थाहरु


| | | |
|---|---|---|
| २९. | विद्युत महसुल र अन्य शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्था | २० |
| ३०. | अन्य रकम सम्बन्धी व्यवस्था | २० |
| ३१. | विद्युत लाइन काट्न सकिने सम्बन्धी व्यवस्था | २१ |
| ३२. | अस्थायीरुपमा लाइन काट्ने सम्बन्धी व्यवस्था | २३ |
| ३३. | पुनः लाइन जडान सम्बन्धी व्यवस्था | २३ |


## परिच्छेद -६

## ग्राहकको वर्गीकरण परिवर्तन, क्षमता घटबढ, ठाउँसारी, नामसारी एवम् लगत खारेज सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| ३४. | ग्राहक वर्गीकरण परिवर्तन सम्बन्धी व्यवस्था | २३ |
| ३५. | विद्युत शक्तिको क्षमता परिवर्तन सम्बन्धी व्यवस्था | २३ |
| ३६. | ठाउँसारी सम्बन्धी व्यवस्था | २४ |
| ३७. | नामसारी सम्बन्धी व्यवस्था | २४ |
| ३८. | ठाउँसारी वा नामसारी गर्न प्रतिबन्ध सम्बन्धी व्यवस्था | २५ |
| ३९. | लगत खारेज गर्ने व्यवस्था | २५ |


## परिच्छेद–७

## विद्युत सेवाका सम्बन्धमा पालना गर्नुपर्ने सामान्य सर्तहरु


| | | |
|---|---|---|
| ४०. | ग्राहकले पालना गर्नुपर्ने सामान्य सर्त | २७ |
| ४१. | प्राधिकरणले पालना गर्नुपर्ने सामान्य सर्त | २७ |
| ४२ | प्राधिकरणको कर्मचारीले जुनसुकै समयमा प्रवेश गर्न पाउने | २७ |
| ४३. | सन्ट क्यापासिटर प्रयोग गर्नुपर्ने | २८ |

## परिच्छेद -८
## भोल्टेज स्तर र आपूर्ति प्रणाली


४४. भोल्टेज स्तर र आपूर्ति प्रणाली २९


## परिच्छेद-९
## विविध


४५. निजी विद्युत प्रणालीबाट आपूर्ति गर्दा सहमति लिनुपर्ने ३०

४६. पुरानो सामान सम्बन्धी व्यवस्था ३०

४७. ग्राहकको विवरण तथा सूची राख्ने सम्बन्धी व्यवस्था ३०

४८. सि.टी./पि.टी. जडान तथा परीक्षण प्रतिवेदन सम्बन्धी व्यवस्था ३१

४९. रिचार्जेवल कार्य सम्बन्धी व्यवस्था ३१

५०. विद्युतीय संरचना स्थानान्तरण सम्बन्धी व्यवस्था ३१

५१. ग्रिड कोड, ग्रिड प्रभाव अध्ययन तथा कनेक्सन एग्रिमेन्ट सम्बन्धी व्यवस्था ३१

५२. संशोधन/व्याख्या गर्ने अधिकार ३२

५३. बाधा अड्काउ फुकाउने सम्बन्धी व्यवस्था ३२

५४. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था ३२

५५. प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्था ३२

५६. प्रशासकीय पुनरावलोकन समिति ३२

५७. प्रचलित कानुन बमोजिम हुने ३३

५८. खारेजी र बचाउ ३३


## अनुसूची

अनुसूची नं.


१. विद्युत आवेदन फाराम ३४

२. जग्गाधनी प्रमाणपुर्जा नहुने आवेदकले विद्युत लाइन माग गर्दा पेश गर्नुपर्ने सिफारिस ४१

३. घरधनीको सहमति फाराम ४२

४. जग्गाधनीको सहमति फाराम ४३

५. निरीक्षण प्रतिवेदन फाराम ४४

६. अनुमानित लागत स्वीकृति फाराम ४६

७. आवेदन स्वीकृत भएको तथा रकम जम्मा गर्ने सूचना ४७

| | | |
|---|---|---|
| ८. | वायरिङ्ग पूरा भएपछि दिनुपर्ने सूचना | ४८ |
| ९. | वायरिङ्ग जाँच सम्बन्धी फाराम | ४९ |
| १०. | सिल विवरण फाराम | ५० |
| ११. | साझा ट्रान्सफरमर प्रयोग सम्बन्धी मन्जुरीनामा फाराम | ५२ |
| १२. | विभिन्न दस्तुर, भाडा तथा अन्य रकम सम्बन्धी व्यवस्था | ५३ |
| १३. | मिटर जाँच फाराम | ५६ |
| १४. | मिटर झिकी लगेको सूचना फाराम | ५७ |
| १५. | मिटर जाँच सम्बन्धी निवेदन फाराम | ५८ |
| १६. | मिटर अनियमितता तथा मिटर रिडिङ्ग गर्न नसकिएको फाराम | ५९ |
| १७. | विद्युत क्षमता परिवर्तनको लागि आवेदन फाराम | ६० |
| १८. | ठाउँसारी आवेदन फाराम | ६४ |
| १९. | नामसारी आवेदन फाराम | ६६ |
| २०. | नामसारीको लागि संयुक्त आवेदन फाराम | ६९ |
| २१. | लगत खारेज फाराम | ७० |
| २२. | विद्युत मोटर र वेल्डिङ्ग मेसिनसँग जडान गर्नुपर्ने सन्ट क्यापासिटरको तालिका | ७२ |
| २३. | ग्राहक सम्बन्धी विवरण फाराम | ७३ |
| २४. | कालो सूची दर्ता रजिष्ट्रर | ७५ |
| २५. | विद्युत चोरी बक्यौता फाराम | ७६ |
| २६. | लाइन काटिएका ग्राहकहरुको विवरण फाराम | ७७ |
| २७. | Investigation Form of C.T. Operated consumers | ७८ |
| २८. | छुट विल रकमको मूल्याङ्कन गरिएको सूचना | ८१ |
| २९. | अधिकार प्राप्त अधिकारीको तहगत अधिकार | ८२ |
| ३०. | वितरण ट्रान्सफरमरहरुको Loss Values सम्बन्धी | ८४ |
| ३१. | तारदेखि घर, रुख र भूईसम्म हुनुपर्ने न्यूनतम दूरी सम्बन्धी | ८६ |
| ३२. | हाउजिङ्ग परिसरभित्र रहेका छुट्टाछुट्टै घरहरु तथा संयुक्त आवास/अपार्टमेन्टमा विद्युत सेवा दिने सम्बन्धी | ८८ |
| ३३. | मिटर/मिटरिङ्ग युनिटको एकुरेसी क्लास (Accuracy Class) | ८९ |

# नेपाल विद्युत प्राधिकरण
## विद्युत वितरण विनियमावली
## २०७८

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी प्राधिकरणले देहाय अनुसार विनियमहरू बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यी विनियमहरूका नाम नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा :

(क) “ऐन” भन्नाले नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ लाई सम्झनु पर्छ ।

(ख) “प्राधिकरण” भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल विद्युत प्राधिकरण सम्झनु पर्छ ।

(ग) “समिति” भन्नाले ऐनको दफा ८ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) “मुख्य प्रशासकीय अधिकृत” भन्नाले ऐनको दफा १७ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) “ग्राहक” भन्नाले प्राधिकरणबाट बिक्री वितरण भएको विद्युत शक्ति उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ । सो शब्दले डेडिकेटेड फिडर/डेडिकेटेड लाइन, ट्रंक लाइन, औद्योगिक फिडर/लाइन, औद्योगिक क्षेत्र लाइन, विशेष आर्थिक क्षेत्र लाइन र ११ के.भी. रिङ्गमेनबाट विद्युत उपभोग गर्ने उपभोक्तालाई समेत सम्झनु पर्छ ।

(च) “ट्रंक लाइन” भन्नाले प्राधिकरणको एक सवस्टेसनबाट अर्को सवस्टेसनसम्म जोड्ने ३३ के.भी. वा सो भन्दा माथिको लाइनलाई सम्झनु पर्छ ।

(छ) “डेडिकेटेड फिडर/डेडिकेटेड लाइन” भन्नाले प्राधिकरण वा ग्राहक स्वयम् वा अन्य कुनै निकायको श्रोतबाट छुट्टै लाइन निर्माण भई प्राधिकरणको सवस्टेसनबाट ग्राहकको घर/कम्पाउण्डसम्म विद्युत आपूर्तिका लागि निर्माण गरिएको लाइनलाई सम्झनु पर्छ ।

(ज) “मिटर” भन्नाले प्राधिकरणले विद्युतको खपत/उच्चतम माग वा दुवै नाप गर्न ग्राहकको घरमा जडान गरेको यन्त्र सम्झनु पर्छ ।

(झ) “घर” भन्नाले कुनै पनि प्रकारको आवासीय वा गैर आवासीय घर, टहरा, कारखाना, संस्था, कार्यालय, पसल वा अन्य कुनै प्रकारको बनोट वा त्यसको कुनै हिस्सा र घर कम्पाउण्डको पर्खाल तथा जमिन माथि वा मुनिको भागसमेतलाई सम्झनु पर्छ ।

(ञ) “सर्भिस केवुल” भन्नाले प्राधिकरणको विद्युत वितरण प्रणालीबाट ग्राहकको घरमा जडान भएको मिटरसम्म लगिएको विद्युत तार सम्झनु पर्छ ।

(ट) "अनाधिकार उपभोग" भन्नाले ऐनको दफा २(ङ१) बमोजिमको विद्युत उपभोग गर्ने कार्य सम्झनु पर्छ ।

(ठ) "विद्युत चोरी" भन्नाले विद्युत चोरी नियन्त्रण ऐन,२०५८ को दफा ७ को उपदफा (१) को खण्ड (क) देखि (ट) सम्ममा उल्लेखित अवस्था अनुसार विद्युत शक्ति उपभोग गर्ने कसुर गरेको सम्झनु पर्छ ।

(ड) "जिम्मेवार अधिकारी" भन्नाले विद्युत वितरण, संचालन एवम् संभार समेतको अभिभारा सुम्पिएको प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ढ) "अधिकार प्राप्त अधिकारी" भन्नाले यस विनियमावलीको कुनै विनियममा समिति वा कुनै पदाधिकारीले गर्ने भनी तोकिएकोमा सोही विनियम बमोजिम र नतोकिएको हकमा अनुसूची-२९ मा उल्लेखित तहगत अधिकारीलाई सम्झनु पर्छ ।

(ण) "कर्मचारी" भन्नाले प्राधिकरणको कर्मचारी सेवा, सर्त विनियमावली, २०७५ (सं.स.) मा व्यवस्था भए अनुसारको कर्मचारी सम्झनु पर्छ । यो विनियमावलीको प्रयोजनको लागि म्यादी, करार वा ज्यालादारीको रूपमा कार्यरत व्यक्तिलाई समेत बुझाउनेछ ।

(त) "वायरिङ्ग" भन्नाले ग्राहकको घर, कम्पाउण्ड, कारखाना वा यस्तै अन्य कुनै ठाउँमा विद्युत आपूर्तिको लागि मिटरपछि ग्राहकको तर्फबाट गरिएको विद्युत सामाग्री जडानको कार्य सम्झनु पर्छ ।

(थ) "अर्थिङ्ग" (Earthing) भन्नाले विद्युत शक्तिबाट हुन सक्ने खतराबाट बचाउन विद्युत उपकरणको सामान्य अवस्थामा विद्युत प्रवाहित नहुने भागमा जोडेको तारलाई जमिन भित्र निश्चित गहिराइमा गाडेको डन्डी अथवा प्लेटसम्म लगी जोडेको प्रणालीलाई सम्झनु पर्छ ।

(द) "मिटर रिडिङ्ग" भन्नाले ग्राहकको घरमा जडान गरिएको मिटरमा देखिएको विद्युत शक्तिको उपभोगको खपत/उच्चतम माग वा दुवै मापन गर्ने कार्य सम्झनु पर्छ ।

(ध) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका कार्यालय समेतलाई सम्झनु पर्छ ।

(न) "सि.टी. (Current Transformer)" भन्नाले मिटरको लागि प्रयोग हुने करेन्ट ट्रान्सफरमर सम्झनु पर्छ ।

(प) "पि.टी. (Potenital Transformer)" भन्नाले मिटरको लागि प्रयोग हुने पोटेन्सियल ट्रान्सफरमर सम्झनु पर्छ ।

(फ) "परिवार" भन्नाले ग्राहकसँग अंशबन्डा नभई सगोलमा बसेका निम्न लिखित व्यक्ति सम्झनु पर्छ :

ग्राहक पुरुष भए निजको बाबु, आमा, पत्नी, दाजु, भाइ, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, अविवाहित दिदी, बहिनी र अन्य सम्बन्धित सदस्यहरू ।

ग्राहक अविवाहित महिला भए बाबु, आमा, दाजु, भाइ, अविवाहित दिदी, बहिनी । ग्राहक विवाहित महिला भए निजको ससुरा, सासु, पति, जेठाजु, देवर, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री र अविवाहित आमाजु, नन्द र अन्य सम्बन्धित सदस्य ।

(ब) "बिल" भन्नाले ग्राहककोमा जडान गरिएको मिटरले देखाएको विद्युत खपतको आधारमा प्रचलित महसुल दर बमोजिम हुन आउने र आवश्यकता अनुसार अन्य सम्बन्धित दस्तुर लगायत ग्राहकले प्राधिकरणलाई तिर्नु बुझाउनुपर्ने हिसाबको विवरण लेखिएको प्राधिकरणको आधिकारिक कागजलाई सम्झनु पर्छ ।

(भ) "महसुल" भन्नाले प्राधिकरणले विद्युत सेवा उपलब्ध गराए बापत प्राधिकरणको प्रचलित विद्युत महसुल संकलन विनियमावली अनुसार ग्राहकबाट लिइने विद्युत महसुललाई सम्झनु पर्छ।

(म) "सेवा शुल्क" भन्नाले अनुसूची १२ मा उल्लेखित दस्तुर, भाडा र अन्य रकमका साथै प्रचलित विद्युत महसुल संकलन विनियमावलीमा उल्लेखित अन्य दस्तुर तथा सेवा शुल्क समेतलाई बुझाउनेछ।

(य) "ओभरहेड खर्च" भन्नाले कुनै कामको लागि लाग्ने इन्धन, मसलन्द, प्रशासकीय खर्च लगायत विभिन्न अप्रत्यक्ष खर्च बापत हिसाब गरिएको रकमलाई सम्झनु पर्छ।

(र) "स्थानीय कार्यालय" भन्नाले विद्युत शक्तिको वितरणको लागि स्थापना भएको प्राधिकरणको वितरण तथा ग्राहक सेवा व्यवसायको जिल्ला स्थित बजेट केन्द्र भएको स्थानीय कार्यालयलाई सम्झनु पर्छ।

(ल) "तल्लो भोल्टेज" भन्नाले २३०/४०० भोल्टलाई बुझाउनेछ।

(व) "मझौला भोल्टेज" भन्नाले ११ किलो भोल्टदेखि ३३ किलो भोल्टसम्मलाई सम्झनु पर्छ।

(श) "माथिल्लो भोल्टेज" भन्नाले ६६ किलो भोल्ट र सो भन्दा माथिकोलाई बुझाउनेछ।

(ष) "ग्राहक बर्गीकरण" भन्नाले प्राधिकरणको प्रचलित विद्युत महसुल संकलन विनियमावलीमा उल्लेखित उपभोक्ता वर्गीकरणलाई जनाउनेछ।

(स) "लोड" भन्नाले ग्राहकको घरमा जडित विद्युतीय उपकरणहरू सञ्चालन गर्न आवश्यक विद्युत शक्तिलाई बुझाउनेछ।

(ह) "निजी चार्जिङ्ग स्टेसन" (Private Charging Station) भन्नाले आफ्नो र आफू मातहतको विद्युतीय सवारी साधन र सोमा लाग्ने ब्याट्रीमात्र चार्ज गर्न पाउने तथा विद्युत नियमन आयोगबाट तोकिएको विद्युत महसुलका अतिरिक्त सेवा शुल्क लिन नपाउने गरी स्वीकृत प्राप्त व्यक्ति/संस्था/कम्पनीको निजी घर कम्पाउण्डमा जडित चार्जिङ्ग स्टेसन सम्झिनु पर्छ।

(क्ष) "नेटवर्क सेवा प्रदायक" (Network Service Provider) भन्नाले विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेसनमा आवश्यक पर्ने इन्टरनेटमा आधारित नेटवर्क लगायतका सेवा प्रदान गर्न स्वीकृति प्राप्त सेवा प्रदायक सम्झनु पर्छ।

(त्र) "NSP TIE UPS" भन्नाले विद्युतीय सवारी साधन र चार्जिङ्ग स्टेसन सञ्चालकले Network Service Provider सँग आवश्यक सम्झौता गरी Internet मा आधारित चार्जिङ्ग तथा महसुल (सेवा शुल्क समेत) भुक्तानी प्रणाली सम्झनु पर्छ।

(ज्ञ) "सार्वजनिक चार्जिङ्ग स्टेसन" (Public Charging Station) भन्नाले आमनागरिकले निर्वाध रूपमा तोकिएको शुल्क तिरी विद्युतीय सवारी साधन र सो मा लाग्ने ब्याट्री चार्ज गर्न पाउने चार्जिङ्ग स्थललाई जनाउनेछ।

(अ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले ऐन वा सो अन्तर्गत बनेको नियम वा विनियम, समिति वा अधिकार प्राप्त अधिकारी वा निकायको निर्णयबाट तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

## परिच्छेद – २
## विद्युत लाइन एवम् मिटर जडान सम्बन्धी व्यवस्था

### ३. विद्युत लाइन जडान गर्न आवेदन दिनु पर्नेः

(१) प्राधिकरणद्वारा बिक्री वितरण गरिने विद्युत शक्तिको उपभोग गर्न चाहने व्यक्ति/संस्थाले अनुसूची-१ बमोजिमको विद्युत आवेदन फारम भरी देहायको कागजातहरू संलग्न गरी प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयमा पेश गर्नु पर्नेछ । यस्तो आवेदनको निर्धारित दस्तुर लिई प्राधिकरणबाट उपलब्ध गराइनेछ ।

आवेदन फारमसाथ देहायका कागजात बुझाउनु पर्नेछः-

(क) ग्राहस्थ प्रयोजनको लागि आवेदकको फोटो तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(ख) जुन घरमा विद्युत लाइन जडान गर्ने हो सो घरजग्गाको जग्गा धनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा जग्गा धनी दर्ता प्रमाणपत्र नभएको अवस्थामा अनुसूची-२९ मा तोकिएको रकम धरौटी बापत बुझाउनु पर्नेछ ।

(ग) अशंबन्डा गर्न मुद्दा परी अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेका आवेदकको हकमा सम्बन्धित अदालतले दिएको तारेखपर्चाको प्रमाणित प्रतिलिपि वा फैसला भईसकेको हकमा फैसलाको प्रमाणित प्रतिलिपि ।

(घ) औद्योगिक, व्यापारिक, यातायात वर्गका आवेदकहरूको हकमा उद्योग वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र प्रोपाइटर/संचालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि । अन्य वर्गको आवेदकहरूको हकमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) सरकारी कार्यालय तथा सार्वजनिक संस्थाको हकमा संस्थाको आधिकारिक पत्रसमेत ।

(च) अन्य कसैको घर जग्गा भाडामा लिई उद्योग/व्यवसाय संचालन गरेको वा संस्था वा कार्यालय स्थापना गरेको भएमा अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित घर जग्गा धनीले गरिदिएको मन्जुरीनामा र निजको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(छ) औद्योगिक, व्यापारिक, गैह्र व्यापारिक समेतको वर्गका आवेदकले विद्युत मिटर जडान गर्ने समयमा आवश्यक पर्ने CT/PT प्राधिकरणले उपलब्ध गराउन नसकेमा प्राधिकरणको स्वीकृति लिई ग्राहक आफैंले खरिद गरी ल्याएको CT/PT को उत्पादनकर्ताले प्रमाणित गरिदिएको CT/PT को Ratio सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपी ।

(२) जुन घरमा विद्युत लाइन जडान गर्ने हो सो घर जग्गाको स्वामित्व भएको व्यक्ति वा संस्थाको नाउँमा मात्र विद्युत लाइन जडान गरिने छ । आवेदन फाराममा त्यस्तो व्यक्ति वा संस्थाको आधिकारिक व्यक्तिले हस्ताक्षर गरी आफ्नो संस्थाको छाप लगाई आवेदन दिनुपर्ने छ । तर माथि जेसुकै उल्लेख भएतापनि संस्था वा कार्यालयले भाडामा लिई उद्योग/व्यवसाय संचालन गर्ने भएमा सो को आधिकारिक व्यक्तिले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित घर जग्गा धनीको मन्जुरीनामासहित आवेदन गरेमा त्यस्तो उद्योग/व्यवसाय, संस्था वा कार्यालयको नाममा पनि विद्युत लाइन जडान गर्न सकिनेछ ।

(३) आवेदकले घर/उद्योगमा मिटर जडान गर्न अन्य व्यक्तिको स्वामित्वमा रहेको घर जग्गा भएर विद्युत लाइन लग्नुपर्ने भएमा आवेदकले अनुसूची-४ बमोजिमको ढाँचामा सो व्यक्तिलाई स्थानीय कार्यालयमा उपस्थित गराई मन्जुरीनामामा सनाखत गराई पेश गरेपछि मात्र विद्युत लाइन जडान गरिनेछ ।

(४) आवेदक वा ग्राहकले पेश गरेको कागजातको वैधता वा आधिकारिकताको जिम्मेवारी निज माथि नै रहने छ ।

४. **प्राविधिक जाँच सम्बन्धी व्यवस्थाः**

(१) प्राधिकरणको स्थानीय कार्यालयमा आवेदकको मिटर जडानको आवेदन प्राप्त भएपछि यथाशीघ्र प्राविधिक जाँच पूरा गरी विद्युत लाइन दिन सकिने देखिएमा सोको स्वीकृति गरी वा विद्युत लाइन दिन नसकिने भएमा सोही कुराको जानकारी आवेदकलाई दिनु पर्नेछ ।

(२) प्राधिकरणका स्थानीय कार्यालयले तोकेको प्राविधिज्ञले आवेदक वा निजको प्रतिनिधिसँग समेत परामर्श गरी सर्भिस केबुलको प्रवेश मार्ग, मिटर, एम.सि.सि.बि.र एम.सि.बि. जडान गर्ने ठाउँ निर्धारण गर्नेछ र स्थलगत जाँचको आधारमा अनुसूची-५ बमोजिमको ढाँचामा विद्युत लाइन जडान सम्बन्धी निरीक्षण प्रतिवेदन र अनुसूची-६ बमोजिमको ढाँचामा लागत अनुमान तयार गरी पेश गर्नुपर्नेछ ।

(३) प्राविधिक तथा सुरक्षात्मक दृष्टिकोणले आवेदकको घरमा लाइन जडान गर्न मिल्ने देखिएमा अनुसूची-७ बमोजिमको ढाँचामा विद्युत लाइन जडान गर्न आवेदकले उपलब्ध गराउनु पर्ने सामानहरूको विवरण एवम् अनुसूची-६ को लागत अनुमान अनुसारको आवेदकले बुझाउनु पर्ने सेवा दस्तुर, आवश्यक पर्ने भएमा धरौटी रकम तथा लाइन जडान गर्दा लाग्ने सबै खर्च समेत खुलाइएको अनुसूची-७ वमोजिमको सूचना समेत आवेदकलाई दिइने छ ।

(४) आवेदकले उपविनियम (३) बमोजिम प्राप्त भएको सूचना अनुसार आफूले उपलब्ध गराउनुपर्ने सामानहरूको व्यवस्था र घरको वायरिङ्ग पूरा गरी बुझाउनु पर्ने सेवा दस्तुर र धरौटी रकम समेत बुझाई तोकिएको म्यादभित्र अनुसूची-८ बमोजिमको ढाँचामा कार्यालयलाई सूचना दिनु पर्ने छ ।

(५) आवेदकले कुनै ट्रान्सफरमर, स्वीचगियर र अन्य विद्युत सामान जडान गर्ने भएमा सो जडान कार्य तथा आवेदकले उपलब्ध गराएको विद्युत सामान र वायरिङ्ग समेतको कार्यालयले खटाएको प्राविधिज्ञबाट जाँच गरिनेछ । उल्लेखित सरसामान समेत जाँच गर्दा उपयुक्त र सन्तोषजनक भएको लिखित प्रतिवेदन सम्बन्धित प्राविधिज्ञबाट प्राप्त भएमा मात्र विद्युत लाइन जडान गरिनेछ । तर वायरिङ्ग र अन्य जडान कार्य तथा उपलब्ध सामान उपयुक्त एवम् सन्तोषजनक नपाइएमा वा अन्य कुनै प्राविधिक कारणले अनुपयुक्त देखिएमा वा प्रचलित कानून अनुसार नभएमा सो सुधार गर्न कार्यालयले आवेदकलाई अनुसुची-९ बमोजिम लिखित सूचना दिइने छ । आवेदकले सो सुधार गरेपछि प्राविधिकबाट पुनः जाँच गर्दा सो उपयुक्त र सन्तोषजनक भएको प्रतिवेदन अनुसूची-९ बमोजिमको ढाँचामा दिनुपर्ने छ । एक पटक भन्दा बढी सरसामान र वायरिङ्ग जाँच गर्नु परेमा आवेदकले अनुसूची-१२ बमोजिम शुल्क तिर्नुपर्नेछ ।

(६) उपविनियम (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि वायरिङ्गको गुणस्तरको जिम्मेवारी ग्राहक स्वयम्को हुनेछ ।

५. **धरौटी रकम बुझाउनु पर्नेः**

(१) अस्थायी विद्युत लाइन आवश्यक भएका ग्राहकले निजको निजी वा भाडामा लिएको घर जग्गामा विद्युत लाइन जडान गर्न सकिने सूचना प्राधिकरणबाट प्राप्त भएपछि अनुसूची-२९ बमोजिम धरौटी रकम बुझाउनु पर्नेछ ।

(२) विनियम ३ को उपविनियम (१) को खण्ड (ख) बमोजिम जग्गा धनी दर्ता प्रमाण पुर्जा नभई विद्युत शक्तिको उपभोगको लागि आवेदन गर्ने आवेदकहरुले स्वीकृत विद्युत शक्तिको क्षमताको आधारमा अनुसुची-२९ मा तोकिएवमोजिम एकमुष्ट धरौटी रकम बुझाउनु पर्नेछ । **तर ५ एम्पियरसम्म विद्युत शक्ति उपभोग गर्न आवेदन दिने जग्गाधनी पुर्जा नभएका अति विपन्न वर्गका घरपरिवारलाई निःशुल्क मिटर जडान गरिदिन स्थानीय तहले सिफारिस गरेको खण्डमा कुनै धरौटी रकम जम्मा नलिई मिटर जडान गर्न मुख्य प्रशासकीय अधिकृतले स्वीकृत दिन सक्नेछ ।** [१]

(३) आवेदकले उपविनियम (१) र (२) देखि अन्य अवस्थामा कुनै निर्माण कार्य समेत गर्दा गराउँदा प्राधिकरणले तोके बमोजिमको धरौटी राख्नु पर्नेछ ।

(४) उपविनियम (१), (२) र (३) बमोजिम राखेको धरौटी रकममा ग्राहकलाई ब्याज दिइने छैन । ग्राहकले विद्युत लाइनको लगत खारेज गराइ धरौटी रसिद सहित माग गरेमा प्राधिकरणले लिनुपर्ने कुनै रकम बाँकी भए सो कटाई बाँकी रकम फिर्ता दिइनेछ ।

६. **प्राधिकरणको पूर्व स्वीकृति लिनुपर्ने सम्बन्धी व्यवस्थाः**

आवेदकले उद्योग व्यवसाय स्थापना गर्नु अगावै निजी ट्रान्सफरमर राखी १०० के.भि.ए. भन्दा बढीको विद्युत माग गर्दा प्राधिकरणसंग पूर्व स्वीकृति लिनु पर्नेछ । स्वीकृति नलिई उद्योग व्यवसाय खोलेमा प्राधिकरण विद्युत लाइन दिन वाध्य हुने छैन । तर १०० के.भि.ए. वा सो भन्दा कम लोड रहेको उद्योग व्यवसायको हकमा ट्रान्सफरमर क्षमता र वितरण प्रणालीको अवस्था हेरी प्राधिकरणले यथासम्भव चाँडै विद्युत लाइन दिन सक्नेछ । कुनै कारणवस लाइन दिन नसक्ने भएमा सोको स्पष्ट कारण सहित आवेदकलाई जानकारी दिनु पर्नेछ ।

७. **लोड स्वीकृति सम्बन्धी व्यवस्थाः-**

(१) विनियम ४ को उप विनियम (४) बमोजिम लागत अनुमान अनुसारको सेवा दस्तुर र आवश्यक पर्ने भए धरौटी रकमसमेत आवेदकले बुझाई सकेपछि प्राविधिक जाँचबाट सन्तोषजनक र उपयुक्त भएको प्रतिवेदन प्राप्त भएपछि अनुसूची-२९ मा उल्लेख भए अनुसार अधिकार प्राप्त अधिकारीले लोड स्वीकृत गर्नु पर्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि एउटै घर कम्पाउण्डमा प्राधिकरणको ट्रान्सफरमरबाट १०० के.भि.ए सम्म क्षमताको मात्र लोड स्वीकृत गरिनेछ ।

(३) संयुक्त आवास (अपार्टमेन्ट, बहुतले आवासीय भवन) तथा हाउजिङ्गहरूमा विद्युत उपलब्ध गराउने सम्वन्धमा अनुसूची-३२ मा तोकिएबमोजिम हुनेछ ।

८. **मिटर जडान गर्नु पर्ने :**

(१) ग्राहकले उपभोग गरेको विद्युत खपत वा उच्चतम माग वा दुवै नाप गर्न प्राधिकरणले तोकिएको रकम लिई ग्राहकको घर जग्गामा मिटर जडान गर्नेछ ।

---

[१] संचालक समितिको मिति २०८१।०२।१६ को ९७१औं बैठकको निर्णयबाट संशोधित ।

(२) प्राधिकरणका कर्मचारीले सजिलै निरीक्षण तथा मिटर रिडिङ्ग गर्न जान सक्ने र प्रष्ट देखिने ठाउँमा घरको भुई तल्लामा बाहिर मिटर जडान गरिने छ । भुईं तल्लामा मिटर जडान गर्न नसकिने अवस्था भएमा पर्याप्त र समुचित कारण जनाई कार्यालय प्रमुखको स्वीकृति लिई माथिल्लो तल्लामा मिटर जडान गर्न सकिनेछ ।

(३) मिटर जडान गर्दा सामान्यतया जमीनबाट १.५ मिटरको उचाइमा गरिनेछ ।

(४) विनियम ३ को उपविनियम (२) बमोजिम एउटै व्यक्तिको स्वामित्व भएको सोही घर जग्गामा एक भन्दा बढी विद्युत मिटर जडान गर्नु पर्ने अवस्था भएमा उपविनियम (२) र (३) बमोजिमको प्रक्रिया पूरा गरी मिटर जडान गरिनेछ ।

(५) प्राधिकरणले एच.टी. मिटरिङ्ग जडान गर्दा ग्राहकबाट यस्तो मिटरिङ्ग युनिटलाई बन्द (Off) वा अलग (Isolate) गर्न नसकिने गरी निजले जडान गरेको आइसोलेटर अथवा कटआउट फ्युज भन्दा अगाडि पट्टि (मेन लाइन तर्फ) जडान गर्नु पर्नेछ ।

(६) २०० के.भी.ए. वा सो भन्दा बढी क्षमताको ट्रान्सफरमर जडान गर्ने ग्राहकको‍मा एच.टी. मिटरिङ युनिट सहितको मिटर र सो भन्दा कम क्षमताको ट्रान्सफरमर जडान गर्ने ग्राहकको‍मा आवश्यकता अनुसार एल.टी मिटर जडान गर्नु पर्नेछ । २५ के.भी.ए. वा सो भन्दा माथिको स्वीकृत लोडमा र माथिल्लो तथा मझौला भोल्टेजका ग्राहकहरूमा अनिवार्य रूपमा Demand समेत मापन गर्ने मिटर जडान गरिनेछ ।

(७) ५ एम.भी.ए. वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहकको‍मा अनिवार्य रुपले छुट्टाछुट्टै Main तथा Check मिटर जडान गर्नु पर्नेछ । ग्राहकको‍मा जडान गरिने त्यस्ता मिटर तथा सि.टी. ⁄पि.टी. (मिटरिङ्ग युनिट) को Accuracy Class अनुसूची ३३ मा तोकिए वमोजिम हुनेछ ।

(८) कुनै फिडरमा एक मात्र ग्राहक रहेको खण्डमा प्राधिकरणको सवस्टेसनमा मिटर वा मिटरिङ्ग युनिट जडान गरिनेछ । यदि सोही लाइनबाट अन्य ग्राहकलाई पनि विद्युत वितरण गर्नु पर्ने अवस्थामा प्राधिकरणले साविक ग्राहकको घर कम्पाउण्डमा मिटर तथा मिटरिङ्ग युनिट जडान गरिदिनेछ । तर ६६ के.भी. वा सो भन्दा माथिल्लो भोल्टेज स्तरको ग्राहकको हकमा निजको घर कम्पाउण्ड भित्र निर्माण हुने सवस्टेसनमा मिटर र मिटरिङ्ग युनिट जडान गर्न सकिनेछ ।

(९) मिटर र सो भन्दा अगाडि (मेन लाइनतर्फको) जडान भएको विद्युत लाइन प्राधिकरणको नियन्त्रणमा रहनेछ ।

**९. फिडर बनाउन नपाउने सम्बन्धी व्यवस्थाः**

(१) प्राधिकरणको माथिल्लो भोल्टेजको प्रसारण लाइनबाट विद्युत लाइन लिने कुनै ग्राहकले प्राधिकरणको स्वीकृति बिना निजी सबस्टेसन बनाई सोबाट ११ के.भी.को छुट्टाछुट्टै फिडर बनाउन पाउने छैन ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि ग्राहकको उद्योग कम्पाउण्डमा एक भन्दा बढि उद्योग संचालन गर्ने भएमा र उद्योगहरूको महसुल दर फरक फरक रहने अवस्थामा प्राधिकरणको स्वीकृति लिई ग्राहक स्वयम्ले आफ्नो खर्चमा ११ के.भी. वा ३३ के.भी.को फिडर बनाउन सक्नेछ । त्यस्ता फिडरहरूबाट लाइन लिने उद्योग ⁄व्यबसायलाई छुट्टाछुट्टै ग्राहक बनाईने र निजले प्रयोग गरेको विद्युतको भोल्टेज स्तर अनुसार महसुल बुझाउनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिमका छुट्टाछुट्टै ग्राहकहरूको मिटर सब-स्टेसनमा नै जडान गरिनेछ ।

१०. सिल लगाउने सम्बन्धी व्यवस्थाः

(१) ग्राहकको घरजग्गामा जडान गरिएको मिटर, मिटरिङ्ग युनिट वा अन्य सम्बन्धित उपकरणहरूमा प्राधिकरणले आफ्नो तोकिएको सिल लगाउनेछ ।

(२) उप विनियम (१) बमोजिम लगाइएको सिल प्राधिकरणको स्थानीय कार्यालयले खटाएको जिम्मेवार अधिकारी वा निजले खटाएको कर्मचारी बाहेक अरु कसैले फेर्न, बिगार्न वा कुनै प्रकारले नष्ट गर्न पाइने छैन ।

(३) ग्राहकको घरमा जडान गरिएको मिटर, मिटरिङ्ग युनिट वा अन्य सम्बन्धित उपकरणहरूमा लगाइएको सिल विवरणहरूको लिखित जानकारी ग्राहकलाई अनुसूची-१० बमोजिम दिइने छ । प्राधिकरणले निरीक्षणको क्रममा सिल तोडी पुनः लगाउँदा प्रत्येक पटक सोको लिखित जानकारी ग्राहकलाई दिइनेछ ।

(४) प्राधिकरणबाट तोकिएको सिल बाहेक अन्य सिल लगाउने कार्यमा कर्मचारीको संलग्नता भएको पुष्टि भएमा प्रचलित कर्मचारी सेवा, सर्त विनियमावली अनुसार विभागीय कारवाही गरिनेछ ।

११. निर्माण वा अन्य कार्यको खर्चः

(१) **प्राधिकरणको मौजुदा विद्युत प्रणालीबाट १ किलोमिटर भित्र कुनै आवेदकले विद्युत शक्ति माग गरेमा विद्युत प्रणाली विस्तार गर्दा लाग्ने खर्च प्राधिकरणले व्यहोर्ने छ । तर प्राधिकरणको मौजुदा विद्युत प्रणालीबाट आवेदकको घरसम्म विद्युत लाइन जडान गर्दा लाग्ने तोकिएको खर्च सम्बन्धित आवेदकले व्यहोर्नु पर्नेछ ।** [२]

(२) **आवेदक स्वयंले नयाँ विद्युत लाइन जडानको लागि लाइन विस्तार गर्नुपर्ने भएमा वा कुनै स्थानको विद्युत लाइन स्थानान्तरण गर्नुपर्ने भएमा सामानको व्यवस्था सहित सम्पूर्ण निर्माण कार्य आफै सम्पन्न गर्न सक्नेछ । तर यस्तो कार्य र सामानको गुणस्तर प्राधिकरणले तोके बमोजिम हुनुपर्ने छ ।** [३]

(३) **प्राधिकरणको मौजुदा विद्युत प्रणालीबाट १ किलोमिटर भन्दा टाढा कुनै आवेदकले विद्युत शक्ति माग गरेमा वित्तिय (Financial) र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा अनुसूची-२९ मा उल्लेख भएअनुसार अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा लाइन निर्माण गर्न लाग्ने खर्चमा प्राधिकरणले २५% सम्म व्यहोर्न सक्नेछ । यसरी निर्माण भएको लाइनको स्वामित्व प्राधिकरणको हुनेछ । मौजुदा लाइनमा फेज थप लगायतका सुदृढीकरण कार्य प्राधिकरण स्वयंले गर्नेछ ।** [४]

---

[२] संचालक समितिको मिति २०७९।१२।२४ को ९३२औं बैठकको निर्णयबाट संशोधित ।

[३] संचालक समितिको मिति २०७९।१२।२४ को ९३२औं बैठकको निर्णयबाट संशोधित ।

[4] संचालक समितिको मिति २०७९।१२।२४ को ९३२औं बैठकको निर्णयबाट संशोधित ।

(४) उपविनियम (३) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि विद्युत खपत वृद्धिको दृष्टिकोणले उपयुक्त देखिएमा मुख्य प्रशासकीय अधिकृतको स्वीकृतिमा तोकिएको दुरीसम्म प्राधिकरणको लाइन निर्माण गर्न सक्नेछ । [५]

(५) उपविनियम (१), (२), (३) र (४) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि स्थानीय तहको आंशिक वा सतप्रतिशत लगानी/साझेदारीमा गरिने सिंचाइको लागि विद्युतिकरण, विद्युत लाइन विस्तार र सो कार्य प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा उक्त विद्युतिकरण तथा प्रणाली सुदृढीकरण सम्बन्धी कार्य मुख्य प्रशासकीय अधिकृतको स्वीकृतिमा कुनै सेवा शुल्क नलिई गर्न सकिनेछ । यसरी निर्माण भएको विद्युतीय संरचनाको स्वामित्व प्राधिकरणको हुनेछ । [६]

१२. **निजी ट्रान्सफरमर सम्बन्धी व्यवस्थाः**

विद्युत शक्ति माग गर्ने आवेदकलाई प्राधिकरणको वितरण ट्रान्सफरमर भएको ठाउँमा फिडर/लाइनको क्षमताले भ्याएमा १०० के.भी.ए. सम्म विद्युत शक्ति प्राधिकरणको ट्रान्सफरमरबाट आपूर्ति गरिनेछ । तर सो भन्दा बढी क्षमताको विद्युत शक्ति माग गर्ने ग्राहकलाई देहाय अनुसार विद्युत शक्ति आपूर्ति गरिनेछ ।

(१) १०० के.भी.ए. भन्दा बढी विद्युत शक्ति लिन चाहने आवेदकले आफ्नै तर्फबाट निजी ट्रान्सफरमर जडान गर्नु पर्नेछ ।

(२) उप विनियम (१) अनुसार निजी ट्रान्सफरमर जडान गर्दा आवश्यक पर्ने सम्पूर्ण सामान ग्राहक स्वयम्ले व्यवस्था गर्नु पर्नेछ ।

(३) ग्राहकको निजी ट्रान्सफरमर र सो सँग सम्बन्धित उपकरणको मर्मत सम्भार ग्राहक स्वयम्ले नै गर्नु पर्नेछ ।

(४) उप विनियम (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि २५ के.भि.ए. भन्दा बढी लोड स्वीकृत भएका ग्राहकले चाहेमा निजी ट्रान्सफरमर जडान गर्न सकिनेछ ।

(५) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएतापनि सहकारी संस्थाबाट सञ्चालित दुग्ध चिस्यान केन्द्र तथा शीत भण्डार, सामुदायिक खानेपानी र सामुदायिक सिंचाइका ग्राहकको हकमा २०० के.भि.ए. सम्मको विद्युत शक्ति प्राधिकरणको ट्रान्सफरमरबाट उपलब्ध गराईनेछ ।

(६) ट्रान्सफरमरको Loss Values अनुसूची-३० मा उल्लेख भए भन्दा बढी हुनु हुँदैन । तोकिएको भन्दा बढी Loss Values भएमा HT साइडमा Metering Unit तथा मिटर राखी विद्युत आपूर्ति गरिनेछ ।

---

[५] संचालक समितिको मिति २०७९।१२।२४ को ९३२औं बैठकको निर्णयबाट थप ।

[६] संचालक समितिको मिति २०८१।०२।१६ को ९७१औं बैठकको निर्णयबाट थप ।

१३. **साझा ट्रान्सफरमर सम्बन्धी व्यवस्थाः**

(१) एक भन्दा बढी आवेदकले संयुक्त रूपमा आफ्नै तर्फबाट ट्रान्सफरमर खरिद गरी सो जडान गर्न र त्यसबाट छुट्टाछुट्टै विद्युत लाइनको लागि आवेदन गरेमा प्राविधिक दृष्टिकोणले विद्युत वितरण गर्न सकिने देखिएमा निजहरूसँग अनुसूची-११ बमोजिमको ढाँचामा मन्जुरीनामा/सहमति गराई छुट्टाछुट्टै ग्राहक बनाई विद्युत लाइन दिन सकिनेछ । तर उक्त ट्रान्सफरमरको परीक्षण प्राधिकरणले तोकेबमाजिम हुनेछ र सो को मर्मत संभार ग्राहक स्वयम्ले नै गर्नु पर्नेछ ।

(२) साझा ट्रान्सफरमर र सो सँग सम्बन्धित उपकरणको मर्मत सम्भार ग्राहकहरू स्वयम्ले नै गर्नु पर्नेछ ।

(३) उप-विनियम (१) मा जेसुकै उल्लेख भएतापनि उच्च/मझौला भोल्टेजको प्रसारण लाइनबाट लाइन लिई साझा ट्रान्सफरमर राख्ने दुई वा सो भन्दा बढी ग्राहकहरूले एउटै भोल्टेज स्तरमा विद्युत शक्ति उपभोग गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।

(४) ११/०.४ के.भी. तथा ३३/०.४ के.भी.का वितरण ट्रान्सफरमरको Loss Values अनुसूची-३० मा उल्लेख भए भन्दा वढी हुनु हुँदैन । तोकिएको भन्दा बढी Loss Values भएमा HT साइडमा Metering Unit तथा मिटर राखी विद्युत आपूर्ति गरिनेछ ।

१४. **ट्रान्सफरमर जाँच गराउनु पर्ने सम्बन्धी व्यवस्थाः**

प्राधिकरणले विनियम १२ र १३ बमोजिम ग्राहकले जडान गर्न ल्याएको निजी वा साझा ट्रान्सफरमर प्राधिकरणको प्रयोगशालामा जाँच गरी ठिक देखिएमा मात्र जडान गर्न सकिने छ । ट्रान्सफरमर जाँच गर्नको लागि आवेदकले अनुसूची-१२ मा उल्लेख भएबमोजिमको रकम प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

१५. **अस्थायी विद्युत लाइन तथा मिटर सम्बन्धी व्यवस्था :**

(१) अस्थायी विद्युत लाइन माग गर्ने आवेदकले विनियम-३ को उपविनियम (१) र उप-विनियम (२) मा उल्लेखित कागजातहरूको अतिरिक्त अस्थायी विद्युत लाइन लिनुपर्ने कारण समेत उल्लेख गरी अनुसूची-१ बमोजिमको आवेदन फारम भरी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) अस्थायी विद्युत लाइनको लागि निवेदन दिंदा आवेदकको अस्थायी विद्युत लाइन जडान हुने घर कम्पाउण्ड आफ्नो नभएमा अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित घर जग्गा धनीको मन्जुरीनामा र जग्गाधनी प्रमाण पुर्जा पेश गर्नुपर्ने छ । जग्गाधनी प्रमाण पुर्जा नहुनेको हकमा अनुसूची-२ को ढाँचामा सम्बन्धित स्थानीय तहको सिफारिस पेश गर्नु पर्नेछ ।

(३) आवेदकले पेश गरेको कारण मनासिव भएमा अस्थायी विद्युत मिटर स्वीकृत गरिनेछ । साधारणतयाः अस्थायी विद्युत लाइन ३ महिनासम्मको लागि दिइने छ । तर कुनै ग्राहकलाई ३ महिना भन्दा बढी समयसम्म पनि विद्युत शक्ति आवश्यक पर्ने भएमा प्राधिकरण र ग्राहक बीचको आपसी समझदारीमा अवधि थप गर्न सकिनेछ ।

(४) आवेदन फाराममा उल्लेखित विद्युत शक्तिको मागको आधारमा विद्युत चोरी नियन्त्रण ऐन, २०५८ र विद्युत चोरी नियन्त्रण नियमावली २०५९ अनुसार ३ महिनाको अवधिमा खपत हुन सक्ने विद्युत युनिटको अनुमान गरी अनुमानित विद्युत महसुल बराबरको रकम

र मिटर तथा मिटरिङ्ग उपकरणको दस्तुर समेत अग्रिम रूपमा धरौटी लिई अस्थायी विद्युत मिटर जडान गर्न सकिनेछ ।

(५) ग्राहकले नियमित रूपमा तोकिएको विद्युत महसुल तिर्दै जानुपर्ने छ र लगत कट्टा हुँदा धरौटीबाट बाँकी बक्यौता भएमा कट्टा गरी बाँकी हुन आउने रकम ग्राहकलाई फिर्ता दिइनेछ ।

(६) ग्राहकलाई थप अवधि विद्युत आवश्यक भई प्राधिकरणमा आवेदन दिएमा १ वर्ष अवधि थप गरिदिन सकिनेछ । थप गरिएको अवधि एक वर्ष पुग्नु अगाडि नै लाइन कटाएमा विद्युत महसुल हिसाब गरी धरौटीबाट नपुग भएमा सो रकम उक्त ग्राहकबाट असुल उपर गरिनेछ ।

(७) अस्थायी लाइन बिरुद्ध कसैले लिखित उजुरी गरेमा र त्यस्तो उजुरी मनासिब ठहरिएमा प्राधिकरणले ३ दिनको अग्रिम सूचना दिई सो लाइन काटी दिन सक्नेछ ।

**१६. विद्युत लाइन तथा मिटर जडान गर्न प्रतिबन्ध :**

(१) सामान्यतयाः एउटा घरमा एक भन्दा बढी विद्युत मिटर जडान गरिने छैन तर निम्न लिखित अवस्थामा छुट्टै नयाँ विद्युत लाइन तथा मिटर जडान गर्न सकिने छः-

(क) एउटै घरमा भिन्न भिन्न स्वामित्व हुने व्यक्तिहरूले आफ्नो हिस्सामा स्वामित्वको प्रमाण सहित छुट्टै विद्युत लाइन तथा मिटर माग गरेको अवस्थामा निजको स्वामित्वमा रहेको हिस्सामा ।

(ख) अंशबन्डा गर्न नालिस दिई अदालतमा मुद्दा विचाराधीन रहेका अंशियारहरूले सम्बन्धित मुद्दाको तारेख पर्चा वा फिराद/प्रतिउत्तरपत्र समेतका लिखितको प्रमाणित नक्कल सहित छुट्टै नयाँ विद्युत लाइन तथा मिटर माग गरेको अवस्थामा निजले बसोबास गरेको घरको हिस्सामा नयाँ मिटर लाइन दिन सकिनेछ । तर मुद्दा निर्णय भएपछि सोही अनुसार हुनेछ ।

(ग) रीतपूर्वक अंशबन्डाको कागज नभए तापनि अलग भई बसेको भनी सम्बन्धित नगरपालिका वा गाउँपालिकाले प्रमाणित गरिदिएको अवस्थामा निजले उपभोग गरिरहेको घरको हिस्सामा ।

(घ) एउटै जग्गा कित्ताको कम्पाउण्डमा बेग्ला बेग्लै घर भएमा र घर धनीले त्यस्तो प्रत्येक घरमा बेग्ला बेग्लै विद्युत लाइन मिटर माग गरेको अवस्थामा ।

(ङ) विनियम ३ को उपविनियम (२) बमोजिम उद्योग/व्यवसाय, संस्था वा कार्यालयले सम्बन्धित घरजग्गा धनीको मन्जुरीनामा सहित पेश गरेको अवस्थामा ।

(च) घर बहालमा बस्ने व्यक्तिले देहायका सर्तहरू पूरा गरी अनुसूची-१ बमोजिमको फाराम भरी आवेदन गरेमा छुट्टै मिटर दिन सकिनेछः

(अ) बक्यौता भुक्तानी गर्ने प्रतिवद्धतासहित छुट्टै मिटर राख्नको लागि घरधनीको लिखित सहमति भएमा ।

(आ) घरधनी र बहालमा वस्ने बीच कम्तीमा १ वर्षका लागि गरिएको घरबहाल सम्झौता पेश गरेमा ।

(इ) घरबहालमा वस्ने व्यक्तिलाई छुट्टै मिटर दिन प्राविधिक दृष्टिकोणबाट उपयुक्त भएमा, घरधनीको बाँकी बक्यौता नभएमा तथा बहालमा बस्नेको मिटर समेत एउटै स्थानमा राख्न सकिने गरी वायरिङ्गको व्यवस्था गरेमा ।

(२) विद्युत महसुल वा अन्य रकम बाँकी बक्यौता रहेको अथवा विद्युत शक्तिको अनाधिकार उपभोग वा विद्युत चोरी गरि महसुल, दस्तुर, जरिवाना वा अन्य कुनै तिर्नु बुझाउन रकम नबुझाएको घर जग्गामा वा त्यस्तो घरले चर्चेको कम्पाउण्ड भित्र निजको स्वामित्वमा रहेको अन्य कुनै पनि घरमा सो बाँकी बक्यौता फर्छ्यौट नगरेसम्म क्षमता वृद्धि वा नयाँ लाइन जडान गरिने छैन । विद्युत महसुल वा अन्य रकम बाँकी बक्यौता राख्ने व्यक्ति वा निजको परिवार वा संस्थाको नाममा बाँकी बक्यौता असुल उपर नभएसम्म अन्यत्र कहीँ पनि विद्युत लाइन जडान गरिने छैन ।

तर राष्ट्रिय विद्युत प्रणालीमा उपलब्ध विद्युत शक्ति बढी भई खेर जाने (Spill) भएमा वा विशेष परिस्थिति आइपरेको अवस्थामा विद्युत महसुल बाँकी बक्यौता रहेका ग्राहकहरूले क्षमता वृद्धि वा नयाँ विद्युत लाइनको लागि आवेदन गरेमा समितिको स्वीकृतिमा विद्युत क्षमता वृद्धि गर्न वा नयाँ विद्युत लाइन जडान गर्न सकिनेछ ।

(द्रष्टव्यः यस विनियमको प्रयोजनको लागि विशेष परिस्थिति भन्नाले विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ मा परिभाषित प्राकृतिक तथा गैह्र प्राकृतिक विपदको अवस्थालाई जनाउँछ ।)

(३) उप-विनियम (२) मा उल्लेख भए बमोजिमको रकम बाँकी बक्यौता भई लाइन काटिएको घर-जग्गा बिक्री भएमा वा अंशबन्डा गरेमा पनि उक्त बाँकी बक्यौता नबुझाएसम्म सो घर/जग्गामा पुन:लाइन जोडिने वा नयाँ विद्युत लाइन जडान गरिने छैन र त्यस्तो व्यक्ति वा संस्थाको घर जग्गामा ठाउँसारी वा नामसारीसमेत गरिने छैन ।

(४) उप-विनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि बाँकी बक्यौता राख्ने व्यक्तिको मृत्यु भएमा वा अंशबन्डा हुनु अगाडिको बाँकी बक्यौता रहेको रकमका हकमा निजको अंश हक खाने अंशियारहरूले पेश गरेको हकदार खुल्ने कागजातको आधारमा प्रत्येक अंशियारहरूको आफ्नो भागमा परेको रकम बुझाएमा निजलाई अर्को लाइन दिन सकिनेछ ।

(५) विद्युतको प्रसारण तथा वितरण लाइनको न्यूनतम दुरी भित्र नपर्ने घरहरूमा मात्र विद्युत लाइन जडान गरिनेछ । न्यूनतम दुरी सम्बन्धी व्यवस्था अनुसूची-३१ मा तोकिएबमोजिम हुनेछ ।

(६) प्राधिकरणले विद्युत वितरण गर्न जडान गर्ने ट्रान्सफरमर बाहेक निजी ट्रान्सफरमर जडान गरी Trunk Line र Ringmain बाट विद्युत आपूर्ति गर्नु पर्दा मुख्य प्रशासकीय अधिकृतको स्वीकृति लिनु पर्नेछ । सामान्यतया Trunk Line र Ringmain बाट (T)Connection गरी सामान्यतया कुनै ग्राहकलाई विद्युत आपूर्ति गरिने छैन ।

**१७ निरन्तर विद्युत आपूर्ति गर्ने सम्बन्धी विशेष व्यवस्था**

(१) डेडिकेटेड फिडर/डेडिकेटेड लाइन, ट्रंकलाइन, औद्योगिक फिडर/लाइन, औद्योगिक क्षेत्र लाइन, विशेष आर्थिक क्षेत्र लाइन र ११ के.भी. रिङ्गमेनबाट विद्युत उपलब्ध गराउने सम्वन्धी व्यवस्था तोकेबमोजिम हुनेछ ।

## परिच्छेद – ३

### विद्युतीय सवारी साधन चार्जिङ्ग पूर्वाधार निर्माण सम्बन्धी

**१८. विद्युतीय सवारी साधन चार्जिङ्ग पूर्वाधार निर्माण तथा सञ्चालनका नीतिहरू देहाय बमोजिम रहने छन् ।**

(१) निजी आवास, कार्यालयहरू एवम् फर्म/कम्पनी/संस्था मा निजी चार्जिङ्ग स्टेसन स्थापना गर्न अनुमति दिईनेछ ।

(२) सार्वजनिक स्थल एवम् निजी घरजग्गामा सार्वजनिक चार्जिङ्ग स्टेसन (Public Charging Station-PCS) स्थापना गर्न नेपाल सरकारबाट स्वीकृत प्राप्त निकाय/फर्म/व्यक्ति/कम्पनीलाई अनुमति दिईनेछ ।

(३) सार्वजनिक चार्जिङ्ग स्टेसन सञ्चालन गर्ने व्यक्ति/फर्म/कम्पनीले नेपाल सरकारबाट समय समयमा जारी हुने निर्देशनको पालना गर्नु पर्नेछ ।

(४) नेपालका मुख्यमुख्य शहरी क्षेत्रमा सार्वजनिक चार्जिङ्ग स्टेसन सञ्चालन गर्न चाहने व्यक्ति/फर्म/कम्पनीलाई प्राथमिकता दिईनेछ ।

(५) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय तहले सार्वजनिक चार्जिङ्ग स्टेसन सञ्चालन गर्न चाहेमा प्राथमिकता दिईनेछ ।

(६) निजी व्यक्ति/संस्था/कम्पनीले नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति/सहमति लिई सार्वजनिक जग्गामा सार्वजनिक विद्युतीय सवारी चार्जिङ्ग स्टेसन स्थापना गर्न चाहेमा पनि स्वीकृति दिईनेछ ।

**१९. सार्वजनिक चार्जिङ्ग स्टेसनका पूर्वाधारः**

प्रत्येक सार्वजनिक चार्जिङ स्टेसन (PCS) मा निम्न अनुसारका न्यूनतम पूर्वाधार हुनुपर्नेछ ।

(१) ११,०००/४०० वा ३३,०००/४०० भोल्टको सबस्टेसन ट्रान्सफरमर, लाइन, केवल, टर्मिनेसन, मिटरिङ्ग सहितका सम्पूर्ण सुरक्षा उपकरण ।

(२) गाडि पार्क तथा चार्जिङ्ग हुने क्षेत्रफल र सो सम्बन्धी Civil कार्यहरू ।

(३) गाडी प्रवेश गर्ने, चार्जिङ्ग गर्ने र निकासको लागि पर्याप्त ठाउँ ।

(४) निम्न प्रकारका चार्जरहरू मध्ये कम्तिमा कुनै एक प्रकारको चार्जर जडान गरेको हुनु पर्नेछ ।

| Charger Type | Charger Connectors* | Rated Voltage (Volt) | No. of Charging Points/No. of Connector guns (CG) |
|---|---|---|---|
| | GB/T (min 20 kW) | 200-1000 | 1/2 CG |
| | CHA de MO (min 20 kW) | 200-1000 | 1/1 CG |
| | Type-2 AC (min 22 kW) | 360-480 | 1/1 CG |
| Slow/Moderate | GB/T AC (Min 7 kW) | 220 | 1/1 CG |
| | Type-2 AC (min 7 kW) | 220 | 1/1 CG of |
| | Plug in Charger 3.3 KW Each | | 1/3 CG of |

*In addition, any other fast/slow/moderate charger as per approved NEA standards whenever notified.

(५) चार्जिङ्ग सेवा प्रदायकहरूले आवश्यक भएमा चार्जिङ्ग बोर्डमा थप चार्जरहरू स्थापना गर्न सक्नेछन् । त्यसको लागि नेपाल विद्युत प्राधिकरणबाट पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

.६) चार्जिङ्ग सेवा प्रदान गर्नका लागि सेवा प्रदायकले नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै अनलाइन नेटवर्क सेवा प्रदायकहरू (NSPs) सँग सम्झौता गरी चार्जिङ्ग सेवा प्रदान गर्नुपर्नेछ ।

(७) चार्जिङ्ग सेवा प्रदायकहरूले चार्जरका हरेक स्लटहरूको अग्रिम रिमोट⁄अनलाइन बुकिङ्ग गर्ने प्रणाली अपनाउनु पर्नेछ । यस्तो अनलाइनमार्फत प्रदान गरिने जानकारीमा स्थान, प्रकार र चार्जरहरूको संख्या⁄उपलब्धता आदि सम्बन्धी जानकारी पनि समावेश हुनुपर्छ ।

(८) प्राधिकरण बाहेकका NSPs सँग सेवा लिने सेवा प्रदायकले आफ्नो चार्जिङ स्टेसनका डाटाहरू प्राधिकरणको NSPs प्रणाली सँग शेयर (Share) गर्नु पर्नेछ । यसका लागि प्राधिकरणबाट समय समयमा जारी हुने मापदण्ड, कार्यविधी र निर्देशनहरू पूरा गरेको हुनु पर्नेछ ।

(९) चार्जिङ्ग सेवाप्रदायकले आवश्यक ठानेका अन्य सुविधाहरू जस्तै: होटल, रेष्टुरेन्ट, हेयर कटिङ्ग, स्पा, व्यायामशाला आदि पनि थप गर्न सक्नेछ ।

(१०) विद्युतीय सवारी चार्जिङ्ग स्टेसनवाट ठूलो व्याट्री क्षमताका बस⁄ट्रकहरू पनि चार्ज गर्ने योजना छ भने निम्नलिखित अतिरिक्त पूर्वाधारहरू उपलव्ध गराउनु पर्नेछ ।

(क) Fluid Cooled Batteries (FCBs) को अनबोर्ड चार्जिङको लागि उच्च गतिमा चार्ज गर्ने योजना गरिएको छ भने उपयुक्त Liquid Cooled Cable हरू सहितको स्टेसन निर्माण गर्नु पर्नेछ ।

(ख) अफबोर्ड चार्जरमा स्वापिङ्ग प्रणाली मार्फत व्याट्री चार्ज गर्ने चार्जिङ्ग सेवाप्रदायकहरूले उपयुक्त Climate Control Equipment हरू व्यवस्थापन गर्नु पर्नेछ ।

(११) प्रत्येक सार्वजनिक चार्जिङ स्टेसन (PCS) हरू सम्बन्धित विद्युतीय तथा नेटवर्क निरीक्षकहरू⁄प्राविधिक कर्मचारीहरूद्वारा चेक जाँच गरी उपयुक्त रहेको भनी प्रमाणित गरेपछि मात्र सञ्चालन गर्नु पर्नेछ । अर्को व्यवस्थापन नभएसम्मका लागि नेपाल विद्युत प्राधिकरण, उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभागले उपरोक्त कार्यका लागि एक वा एक भन्दा बढी नेपाल विद्युत प्राधिकरण वा तेस्रो पक्षका प्राविधिक अधिकृत वा इन्जिनियरहरूलाई तोक्नेछ ।

(१२) सार्वजनिक चार्जिङ्ग स्टेसनमा जडान हुने विद्युतीय सवारी साधन सर्भिस उपकरण (EVSE) लाई अन्तराष्ट्रिय मान्यता प्राप्त एजेन्सिले Type Test गरी प्रमाणित गरेको हुनु पर्ने छ । साथै त्यस्ता उपकरणहरू विगत ३ वर्षदेखि विश्वका विभिन्न देशहरूमा प्रयोग भएको हुनु पर्नेछ ।

(१३) सार्वजनिक चार्जिङ स्टेसनमा पर्याप्त स्थान उपलव्ध भएमा माथिका अनिवार्य सुविधाहरूको अतिरिक्त स्ट्यान्डअलोन व्याट्री स्वापिङ सुविधाहरू पनि थप गर्न सक्नेछ ।

(१४) कुनै निजी व्यक्ति⁄कम्पनी एवम् सार्वजनिक यातायात संचालकले आफ्नो व्यक्तिगत⁄आन्तरिक प्रयोजनको लागि चार्जिङ पूर्वाधार निर्माण गर्दा सार्वजनिक चार्जिङ्ग स्टेसनलाई तोकिएको मापदण्ड तथा प्रकृया पूरा गर्न आवश्यक पर्ने छैन । तर NSP Tie ups भने गर्नु पर्नेछ ।

## २०. सार्वजनिक चार्जिङ स्टेसन रहने स्थानः

सार्वजनिक चार्जिङ स्टेसनहरूको सम्वन्धमा दुई चार्जिङ विन्दुहरू बीचको घनत्व/दूरीको सन्दर्भमा निम्न न्यूनतम मापदण्ड पालना भएको हुनु पर्नेछ ।

(१) कम्तीमा एउटा चार्जिङ स्टेसन 3 Km X 3 Km को ग्रिडमा उपलब्ध हुने गरी व्यवस्थापन गरिनेछ । साथै निजी संस्थाको माग र चार्जर राख्ने स्थानको क्षेत्रफल र अन्य पूर्वाधारको आधारमा चार्जरहरू स्थापना गर्न सकिनेछ ।

(२) लामो दुरीका विद्युतीय सवारी (जस्तै लामो दूरीको SUVs) र हेभी ड्युटी सवारी (जस्तै: बस/ट्रक) आदिका लागि प्रत्येक १०० किलोमिटरमा माथि उल्लेखित सर्त अनुसार चार्ज गर्ने पूर्वाधार भएको कम्तीमा एउटा फास्ट चार्जिङ स्टेसन हुनु पर्छ ।

## २१. सार्वजनिक चार्जिङ्ग स्टेसनको डाटाबेसः

नेपाल विद्युत प्राधिकरणले सवै सार्वजनिक चार्जिङ्ग स्टेसनहरूको राष्ट्रिय अनलाइन डाटाबेस सिर्जना, भण्डारण, नवीकरण र मर्मत-संभार गर्नेछ । यस उद्देश्यका लागि नेपाल विद्युत प्राधिकरणद्वारा समय समयमा आवश्यक मापदण्ड कार्यविधि, निर्देशिका जारी गरी सूचित गरिनेछ जसको सार्वजनिक चार्जिङ्ग स्टेसनद्वारा अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

## २२ सार्वजनिक चार्जिङ्ग स्टेसन सम्बन्धी प्रवर्द्धनकारी विशेष व्यवस्थाः

यो व्यवस्था लागू भएपछि २०० के.भि.ए. सम्मको विद्युत डिमाण्ड भएका चार्जिङ्ग स्टेसन स्थापना गर्ने सेवा प्रदायकलाई नेपाल विद्युत प्राधिकरणले ट्रान्सफरमर सहितको विद्युत सेवा प्रवाह गर्नेछ । त्यो भन्दा माथिल्लो डिमाण्ड हुने चार्जिङ्ग स्टेसनको हकमा HT Line Extension को कार्य नेपाल विद्युत प्राधिकरणले गर्नेछ तर ट्रान्सफरमर जडान लगायतका बाँकी कार्य चार्जिङ्ग सेवाप्रदायकले नै गर्नु पर्नेछ ।

## २३. सार्वजनिक चार्जिङ्ग स्टेसनको विद्युत सेवा बन्द सम्वन्धी व्यवस्थाः

यस विनियम बमोजिम सार्वजनिक जग्गामा स्थापना गरेको कुनै निजी विद्युतीय सवारी चार्जिङ्ग स्टेसनले अधिकार प्राप्त निकायबाट स्वीकृति/सहमति लिई सार्वजनिक विद्युतीय सवारी चार्जिङ्ग स्टेसन सञ्चालन गरी बीचमै छोडि गएमा वा लामो समयसम्म सेवा सञ्चालन नगरी बन्द गरेमा निजलाई दिएको चार्जिङ्ग स्टेसनको विद्युत सेवा बन्द गरिनेछ ।

# परिच्छेद – ४

## मिटर जाँच तथा मिटर रिडिङ्ग सम्बन्धी व्यवस्था

२४. **मिटर जाँच गर्ने व्यवस्था :**

(१) ग्राहकको घरजग्गामा जडान गरिने प्रत्येक मिटर अनुसूची-१३ बमोजिम प्राधिकरणको प्रयोगशालामा जाँच गरी ठिक देखिएको मिटर मात्र जडान गरिनेछ ।

(२) प्राधिकरणबाट ग्राहकको घरजग्गामा जडान गरिएको मिटरको प्राविधिक जाँच समय-समयमा गराइने छ । विद्युतको अनाधिकार उपभोगको शंका भई वा अन्य अवस्था परी कुनै पनि ग्राहकको घरजग्गामा जडान भएको मिटर प्राधिकरणले अनुसूची-१४ अनुसार लिखित रूपमा ग्राहकलाई जानकारी गराई झिकी ल्याउन सक्नेछ । त्यस्तो मिटर सोही दिन जाँच गरी पुनः जडान गर्न नसकिने अवस्था परेमा ग्राहकलाई असुविधा नहोस् र खपतको वास्तविक रेकर्ड रहोस् भनी वैकल्पिक मिटर जडान गरी विद्युत आपूर्ति गरिनेछ ।

(३) **उप विनियम (१) बमोजिम मिटर जाँच गर्दा प्राविधिक कारणले गर्दा मिटर बिग्रेको वा ढिला घुमेको वा मिटरले खपत नदेखाएको वा बढी घुमेको वा सि.टी./पि.टी. बिग्रेको पाइएमा त्यस्ता मिटर र चार अङ्क भएका *(Four Digit)* मिटर तथा सि.टी./पि.टी. विना मूल्य मर्मत सुधार गरिने र मर्मत हुन नसकेमा निःशुल्क अर्को जडान गरी दिइनेछ ।**[७]

(४) ग्राहकले जानीजानी वा निजको लापरवाही वा विद्युतको अनाधिकार उपभोग वा विद्युत चोरी गरेको वा स्वीकृत क्षमता भन्दा बढी लोड प्रयोग गरेको कारणले मिटर, सि.टी./पि.टी.जलेको वा बिग्रेको भएमा प्राधिकरणले ग्राहकसँग सो को तोकिएको मूल्य लिएर मात्र मर्मत गर्न सकिने भए मर्मत गरि दिने वा अर्को नयाँ मिटर, सि.टी./पि.टी. जडान गरिने छ । तर जाँच गर्दा विद्युत चोरी वा स्वीकृत क्षमता भन्दा बढी लोड प्रयोग गरेको वा विद्युतको अनाधिकार उपभोगको अवस्था पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

(५) टेष्ट सिल बिग्रेको वा अनधिकृत टेष्ट सिल लागेको शंका भएमा सो मिटर प्राधिकरणको मिटर जाँच गर्ने प्रयोगशालामा जाँच गरिनेछ । प्राधिकरणको मिटर जाँच गर्ने प्रयोगशाला बाहेक अन्य ठाउँबाट टेष्ट सिल लगाउन पाईने छैन । मिटर जाँच गर्दा टेष्ट सिल नक्कली पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

(६) ग्राहकले मिटर बिग्रेको वा बढी खपत देखाएको भनी मिटर जाँच गराउन चाहेमा प्राधिकरणको स्थानीय कार्यालयमा तोकिएको दस्तुर सहित अनुसूची-१५ अनुसार निवेदन दिनु पर्नेछ र प्राधिकरणबाट बढीमा १५ दिन भित्र मिटर जाँच गरी सो को प्रतिवेदन ग्राहकलाई दिईनेछ ।

(७) मिटर बढी घुमी ग्राहकले वास्तविक खपत गरेको भन्दा बढी विद्युत महसुल भुक्तानी गरेको देखिएमा ग्राहकले निवेदन दिएको मितिभन्दा एक महिना अगाडिसम्म मात्रको हिसाब मिलान गरिनेछ । सो मिटर प्राधिकरणले बिना मूल्य मर्मत सुधार गरि दिने वा मर्मत हुन नसक्ने भएमा अर्को मिटर निःशुल्क जडान गरि दिनेछ ।

---

[७] संचालक समितिको मिति २०७९।०४।१८ को ९१५औं बैठकको निर्णयबाट संशोधित ।

(८) विद्युत चुहावटको अवस्थामा बाहेक मिटर निरीक्षण गर्दा मिटर ढिलो वा चाँडो घुमेको पाइएमा मिटरमा लेखिएको शुद्धता (Accuracy) भित्र मिटरलाई मर्मत गरी पुनः जडान गरिनेछ ।

(९) ग्राहकको घरजग्गामा जडान भएको मिटर प्राविधिक कारणले नघुमी वा ढिलो घुमी वा मिटर बिग्री वा जली कुनै महिनाको खपत नदेखिएमा त्यस्तो महिनाको लागि खपत निकाल्दा नघुमी वा ढिलो घुमी वा मिटर जलेको महिनाको लगत्तै अगाडिको महिनालाई छोडेर गत ३ महिनाको खपतको औसत निकाली सो बमोजिमको खपतको बिल दिइने छ र सो बमोजिमको महसुल रकम ग्राहकले तिर्नु पर्नेछ ।

(१०) उप-विनियम (९) मा जे सुकै उल्लेख भएतापनि कुनै ग्राहकको विगत ३ महिनाको खपत नभएमा मिटर डाउनलोडबाट प्राप्त रिपोर्टको आधारमा बिलिङ्ग गर्ने र डाउनलोड गर्न नसकिने मिटरको हकमा विद्युत चोरी नियन्त्रण ऐन, २०५८ र विद्युत चोरी नियन्त्रण नियमावली २०५९ मा उल्लेख भए अनुसार खपत युनिट निकाली बिलिङ्ग गरिनेछ । सो बमोजिमको महसुल रकम ग्राहकले तिर्नु पर्नेछ ।

(११) कुनै ग्राहकले निजी प्रयोजनको लागि सव-मिटर राख्न मिटर जाँच गराउन ल्याएमा तोकिएअनुसारको दस्तुर लिई परीक्षण गर्न सकिनेछ ।

(१२) ग्राहकले स्वीकृत लोड अनुसारको विद्युत शक्ति उपभोग गर्दा देहायबमोजिम गर्नु पर्नेछः

(क) सिंगल फेज ५, १५ र ३० एम्पियर लोड स्वीकृत भएका ग्राहकहरूको मिटरमा क्रमशः ६, १६ र ३२ एम्पियरसम्मको एम.सि.बि. जडान गर्न सकिनेछ ।

(ख) ग्राहकले जुन वर्गको लोड स्वीकृति पाएको छ सोही अनुसार उपयोग गर्नु पर्नेछ ।

(ग) डिमाण्ड मिटर जडान भएकोमा कुनै ग्राहकले स्वीकृत लोडको २० प्रतिशत भन्दा बढी लोडमा विद्युत शक्तिको उपभोग गरेमा उपभोग गरेको सम्पूर्ण लोडको डिमाण्ड शुल्क र स्वीकृत लोडको २० प्रतिशत भन्दा बढी हुन आउने डिमाण्डको लागि २५ प्रतिशत जरिवाना लाग्नेछ ।

उदाहरण : कुनै ग्राहकले १०० के.भि.ए. लोड स्वीकृत गराई १५० के.भि.ए. विद्युत शक्ति उपभोग गरेमा निजलाई १५० के.भि.ए.को डिमाण्ड शुल्क लाग्ने छ र जरिवाना बापत निजले (१५०-१२०=३० के.भि.ए. को २५ प्रतिशत अर्थात ७.५ के.भि.ए.को जरिवाना तिर्नु पर्नेछ )

**२५. सि.टी./पि.टी. जडान भएको मिटर निरीक्षण सम्बन्धी व्यवस्थाः**

(१) प्राधिकरणको स्थानीय कार्यालयको प्रमुखबाट २०० के.भी.ए. भन्दा कम क्षमताको सि.टी./पि.टी. जडान हुने मिटर जडान गर्दा अनिवार्यरूपमा कमिशनिङ रिपोर्ट तयार गरी पेश गर्नुका साथै प्रत्येक ६/६ महिनामा सि.टी. जडान भएको मिटरको निरीक्षण गरी अनुसुची-२७ अनुसार सि.टी./पि.टी. र मिटर समेतको निरीक्षण प्रतिवेदन भर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपविनियम (१) मा जे सुकै उल्लेख भएतापनि २०० के.भि.ए. वा सो भन्दा बढी लोड स्वीकृत भएका ग्राहकको ३/३ महिनामा सि.टी./पि.टी.र मिटरसमेतको निरीक्षण गरी अनुसूची-२७ अनुसार अनिवार्य रूपमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (१) र (२) मा उल्लेख भए अनुसार तोकिएको समयभित्र सि.टी./पि.टी., मिटर निरीक्षण नगरे नगराएमा वा निरीक्षण नगरे नगराएको कारणबाट हानी नोक्सानी भएमा सम्बन्धित कार्यालय प्रमुख र मिटर निरीक्षण गर्न तोकिएको कर्मचारीलाई विभागीय कारवाही गरिनेछ ।

२६. **मिटर रिडिङ्ग र बिलिङ्ग सम्बन्धी व्यवस्था :**

(१) ग्राहकको घरमा जडान भएको मिटरमा खपत भएको विद्युत शक्तिको नियमित रूपमा मिटर रिडिङ्ग गरी ग्राहकलाई भौतिक वा विद्युतीय माध्यम वा अन्य कुनै प्रविधिबाट प्रचलित विद्युत महसुल संकलन विनियमावली अनुसार बिलिङ्ग गरी विद्युत खपतको बिल दिइने छ । तर काबु बाहिरको परिस्थिति सृजना भएमा प्राधिकरणले सूचना दिई उपयुक्त विधिबाट मिटर रिडिङ्ग गर्न गराउन सक्नेछ ।

(२) विनियम-८ को उपविनियम (७) बमोजिम Main Meter र Check Meter जडान भएका ग्राहकहरूको रिडिङ्ग Main Meter बाट गर्नुपर्ने छ । Main Meter मा कुनै कैफियत भेटिएमा मात्र Check Meter बाट रिडिङ्ग गरी बिलिङ्ग गरिनेछ ।

(३) कुनै महिना ग्राहकको घर कम्पाउण्डको ढोका बन्द भएको वा ताल्चा लगाइएको वा अन्य अवस्था परी मिटर रहेको ठाउँसम्म पुग्न नसकेको कारणले मिटर रिडिङ्ग गर्न नसकिएमा त्यस्तो महिनाका लागि न्यूनतम विद्युत खपत बापतको मासिक महसुलको न्यूनतम मासिक बिल दिइनेछ र अर्को महिना मिटर रिडिङ्ग गर्दा देखिएको जम्मा विद्युत खपतको अङ्कमा उक्त न्यूनतम मासिक महसुलको खपत अङ्कबापतको हुन आउने रकम घटाई बिल दिईनेछ ।

(४) मिटर रिडरले उपविनियम (३) मा उल्लेखित कारणले मिटर रिडिङ्ग गर्न नसकेमा अनुसूची-१६ अनुसारको प्रतिवेदन कार्यालय प्रमुखसमक्ष अनिवार्य रूपमा दिनु पर्नेछ ।

(५) मिटर रिडिङ्ग गर्ने कर्मचारीले मिटर रिडिङ्ग गर्दा मिटर नचलेको, मिटर उल्टो घुमेको, मिटर बक्साको सिल नभएको वा चुंडिएको, मिटर वा मिटर बक्साको सिसा फुटेको वा झरेको, मिटरमा गत महिनाको तुलनामा ३० प्रतिशत युनिट घटी वा बढी खपत भएको मिटर बक्सा टेढो रहेको वा अन्य अनियमितता फेला परेमा सो को प्रतिवेदन अनुसूची-१६ बमोजिमको ढाँचामा अनिवार्य रूपमा कार्यालय प्रमुखसमक्ष पेश गर्नु पर्नेछ ।

(६) उप-विनियम (५) अनुसार प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले सो उपर अविलम्ब आवश्यक कारवाही गर्नु पर्नेछ ।

(७) उप-विनियम (५) बमोजिमको प्रतिवेदन पेश नगर्ने मिटर रिडिङ्ग गर्ने कर्मचारी र उप-विनियम (६)बमोजिम मिटर रिडरले पेश गरेको प्रतिवेदनमा कारवाही नगर्ने कार्यालय प्रमुखलाई प्रचलित कर्मचारी सेवा, सर्त विनियमावलीबमोजिम विभागीय कारबाही गरिनेछ ।

(८) ५०० वाट वा सो भन्दा बढी क्षमताको फोटोभोल्टिक सौर्य लगायत वैकल्पिक प्रणालीबाट प्राप्त हुने उर्जाको मिटर रिडिङ्ग र बिलिङ्ग सम्बन्धमा सोलार फोटो भोल्टिक सिस्टमबाट प्राप्त हुने उर्जा सम्वन्धी कार्यविधि, २०७४ मा उल्लेख भए अनुसार हुनेछ ।

२७. **छुट बिलिङ्ग सम्बन्धी व्यवस्था:**

कुनै ग्राहकको बिलिङ्ग गर्दा छुट भएमा अनुसूची-२९ मा उल्लेख भएका अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा देहायअनुसार छुट बिल गरिनेछ ।

(१) कुनै ग्राहकको मिटर रिडिङ्ग गरी बिलिङ्ग गर्दा गणितीय त्रुटि भएमा हिसाब मिलान गरी छुट भए बापतको रकमको छुट बिल गरिनेछ ।

(२) टि.ओ.डी. मिटर जडान भएका ग्राहकहरूको प्राविधिक कारणले गर्दा मिटरले वास्तविक खपत नदेखाई बिलिङ्ग छुट भएमा त्यस्तो छुट खपत युनिट र डिमाण्ड चार्ज बापत मिटरको डाउनलोड डाटा विश्लेषण गर्दा यकिन भएअनुसारको रकम छुट बिल गरिनेछ ।

(३) कुनै ग्राहकको डाउनलोड हुने मिटर प्राविधिक कारणबश डाउनलोड हुन नसकेको अवस्थामा निजको स्वीकृत क्षमता अनुसार वा औसत बिलमा जुन बढी हुन्छ सोही अनुसार छुट बिल गरिनेछ ।

(४) टि.ओ.डी. मिटर जडान भएका ग्राहक बाहेकका अन्य सि.टी./पि.टी. जडान भएका कुनै ग्राहकको सि.टी., पि.टी./जली वा बिग्री कैफियत भेटिएमा सोको मिति यकिन भएमा सोही मितिदेखि र मिति यकिन नभएमा यस अघि निरीक्षण भएको मितिदेखिको युनिट गणना गरी छुट बिल गरिनेछ ।

(५) उपविनियम (४) मा उल्लेख गरेको अवस्थादेखि बाहेक सि.टी./पि.टी. जडान भएका ग्राहकको घर जग्गामा मिटर, सि.टी./पि.टी. जडान गर्दा भूलबश मिटर, सि.टी./पि.टी.को अनुपात (रेसियो) छुट भई सो को अवधि किटानी भएमा सोही अवधिदेखिकै छुट बिल गरिनेछ ।

(६) प्राधिकरणको स्थानीय कार्यालयले उपविनियम (१), (२), (३), (४) र (५) अनुसार छुट बिल गरिएको रकम ३५ दिनभित्र बुझाउन सम्बन्धित ग्राहकलाई अनुसूची-२८ बमोजिमको सूचना दिनु पर्नेछ ।

## २८. छुट बिलको किस्ताबन्दी सम्बन्धी व्यवस्था

(१) प्राधिकरणले ग्राहकलाई बिलिङ्ग गर्दा कुनै कारणबाट बिलिङ्ग छुट हुन गई पछि बिलिङ्ग गरिएको अवस्थामा ग्राहकले नियमित विद्युत महसुल भुक्तानी गर्न नसकी लाइन काटिएको अवस्थामा ग्राहकले किस्ताबन्दीमा महसुल बुझाउन आवेदन गरेको खण्डमा अनुसूची-२९ मा उल्लेख भएअनुसार अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा किस्ताबन्दीको सुविधा दिन सकिनेछ । यस्तो सुविधा दिदा जति महिनाको छुट महसुल बुझाउन बाँकी छ बढीमा त्यति महिनाको किस्ता कायम गर्न सकिनेछ । **तर यस्तो सुविधा वापत कायम हुने किस्ताबन्दी अधिकतम छत्तिस महिना सम्मको मात्र हुनेछ ।**[८]

(२) छुट बिल बापतको महसुल नियमित रूपमा किस्ताबन्दीमा भुक्तानी गर्दा थप दस्तुर लाग्न छैन । तर तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा नियमानुसार थप दस्तुर लाग्नेछ ।

(३) **नियमित विद्युत महसुल नबुझाई लाइन काटिएको ग्राहकले जरिवाना समेत हुन आउने कुल वक्यौता रकमको २५% रकम शुरूमा बुझाई बाँकी रकम वढीमा समान ५ मासिक किस्ता कायम गरी किस्ताबन्दी सुविधा लिन सक्नेछ ।**[९]

(४) कालोसूचीमा परेका ग्राहकले पुनः लाइन जोड्नु पर्दा बक्यौता रकम एकमुष्ट बुझाउन नसकेमा नियमानुसार थप दस्तुर लिई अनुसूची-२९ मा उल्लेख भएबमोजिम अधिकारप्राप्त अधिकारीको स्वीकृतिमा बढीमा १२ वटासम्मको किस्ताबन्दी सुविधा दिन सकिनेछ । किस्ताबन्दी सुविधा लिएका ग्राहकले समयमा किस्ताबापतको रकम नबुझाएमा जडित लाइन काटी त्यस्ता ग्राहकहरूलाई पुनः किस्ताबन्दीको सुविधा दिइने छैन ।

---

[८] संचालक समितिको मिति २०७९।१२।२४ को ९३२औं बैठकको निर्णयबाट दोश्रोपटक संशोधित ।

[९] संचालक समितिको मिति २०७९।०४।१८ को ९१५औं बैठकको निर्णयबाट संशोधित ।

## परिच्छेद – ५

### विद्युत महसुल, दस्तुर एवम् अन्य रकम सम्बन्धी व्यवस्था र लाइन काटिने अवस्थाहरू

२९. **विद्युत महसुल र अन्य शुल्क तथा दस्तुर सम्बन्धी व्यवस्थाः**

(१) प्राधिकरणका ग्राहकहरूले विद्युत खपत गरे बापत प्रचलित विद्युत महसुल संकलन विनियमावलीमा तोकिएअनुसारको महसुल बुझाउनु पर्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको महसुल बुझाउनु पर्ने म्याद प्रचलित विद्युत महसुल संकलन विनियमावलीमा तोकिए बमोजिम हुनेछ ।

(३) प्राधिकरणको प्रचलित विद्युत महसुल संकलन विनियमावलीमा तोकिएको म्यादभित्र महसुल नबुझाई एक पटक विद्युत लाइन काटिएका ग्राहकको लाइन पुनः जोड्नु परेमा उक्त लाइन काट्दा र जोड्दा लाग्ने दस्तुर सहित अन्य सम्पूर्ण बाँकी बक्यौता भुक्तानी गर्नु पर्नेछ ।

(४) प्राधिकरणले विद्युत सेवा उपलब्ध गराउने सिलसिलामा विद्युत लाइन जडान गर्दा, विद्युत क्षमता घटबढ गर्दा, एक ठाउँबाट अर्को ठाउँमा मिटर ठाउँसारी गर्दा, एक पटक जडान भएको विद्युत लाइन काटी पुनः विद्युत लाइन जडान गर्दा, मिटर रहेको बाकस भित्रको फ्युज बदल्दा, सिल टुटेकोमा नयाँ सिल लगाउँदा, ग्राहक नामसारी गर्दा, ग्राहकको लगत खारेजी गर्दा, मिटर जाँच गर्दा, प्रतिलिपि बिल वा रसिद उपलब्ध गराउँदा र ग्राहक कार्ड उपलब्ध गराउँदा ग्राहकले प्रचलित महसुल संकलन विनियमावलीमा तोकिएबमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(५) ग्राहकले कुनै काम कारवाही गर्दा लापरवाही वा त्रुटि वा गल्तीले निजको घरमा जडान गरिएको प्राधिकरणको विद्युत लाइन, उपकरण वा यन्त्र वा अन्य सम्पत्ति बिग्रेमा वा हराएमा सो बदल्न, बनाउन वा मर्मत गर्दा लागत स्टिमेट अनुसार हुने खर्च र नियमानुसार अन्य शुल्क लाग्ने भए सोसमेत सम्बन्धित ग्राहकले प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

(६) निजी प्रयोजनको लागि छुट्टै चार्जिङ्ग स्टेसन लिने व्यक्ति, फर्म, कम्पनी, कार्यालय, संघ, संस्थाले प्रचलित विद्युत महसुल संकलन विनियमावलीमा तोकिएको महसुल बुझाउनु पर्नेछ । तर यस्ता निजी चार्जिङ्ग स्टेसनले सार्वजनिक प्रयोजनको लागि चार्जिङ्ग स्टेसन प्रयोग गर्न दिएमा तोकिएको विद्युत महसुलमा अतिरिक्त सेवा शुल्क लिन पाउने छैन । साथै ग्राहस्थ वर्गका ग्राहकले छुट्टै मिटर लिई विद्युतीय सवारी साधन चार्ज गर्न चार्जिङ्ग स्टेसन जडान गरेमा ग्राहस्थ वर्गकै विद्युत महसुल दर लागू हुनेछ ।

३०. **अन्य रकम सम्बन्धी व्यवस्था :**

(१) कुनै ग्राहकको लाइन जडान वा अन्य कार्य गर्नको लागि विद्युत लाइन बन्द (सट डाउन) गर्नुपरेमा सो बापत अनुसूची-१२ मा उल्लेख भएबमोजिमको रकम ग्राहकले बुझाउनु पर्नेछ ।

(२) कुनै पनि व्यक्ति/संस्थाले कुनै कार्य गर्दा वा मोटर, ट्रक, बस वा अन्य कुनै पनि साधनले ठक्कर दिई वा रुख काट्दा प्राधिकरणको पोल, तार, ट्रान्सफरमर आदिमा क्षति पुग्न गई विद्युत अवरोध भएमा प्राधिकरणले सम्बन्धित व्यक्तिबाट अनुसूची-१२ मा उल्लेख भएबमोजिमको रकम हर्जाना स्वरुप असुलउपर गरी लिइनेछ ।

(३) प्राधिकरणको पोलहरू होर्डिङ्ग वोर्ड राख्न, इन्टरनेट, दूरसंचार, केवुल टेलिभिजन प्रसारण लगायतका प्रयोजनको लागि व्यक्ति वा संस्थाले प्रयोग गर्दा प्रचलित एडिएसएस अप्टिकल फाइवर केवल सेवा संचालन निर्देशिका तथा अनुसूची-१२ मा उल्लेख भए बमोजिमको रकम बुझाउनु पर्नेछ ।

**३१. विद्युत लाइन काट्न सकिने सम्बन्धी व्यवस्थाः**

(१) प्राधिकरणले देहायको अवस्थामा ग्राहकको (निजी संस्थाको हकमा सञ्चालकहरूले प्रयोग गरेको समेत) विद्युत लाइन काट्न सक्नेछ ।

(क) प्राधिकरणलाई तिर्नु पर्ने महसुल, दस्तुर, भाडा, क्षतिपूर्ति, अतिरिक्त महसुल वा अन्य रकम तोकिएको समयभित्र नबुझाएमा ।

(ख) घर जग्गा खरिद बिक्री वा अंशबन्डा भई स्वामित्व परिवर्तन भएतापनि साविकको घर जग्गाधनीको समयको विद्युत महसुल र अन्य रकम नतिरी बाँकी रहेमा ।

(ग) प्राधिकरणको स्वीकृति नलिई ग्राहकले आफ्नो घरमा जडान भएको बिजुलीको वायरिङ्ग विस्तार (Extension) गर्दा सो घरले चर्चेको कम्पाउण्ड भन्दा बाहिर गरेमा ।

(घ) ग्राहकले विद्युत चोरी नियन्त्रण ऐन, २०५८ र विद्युत चोरी नियन्त्रण नियमावली, २०५९ अनुसार विद्युत चोरीको कसुर गरेमा ।

(ङ) शन्ट क्यापासिटर राख्नुपर्ने ग्राहकले निर्धारित शन्ट क्यापासिटर नराखेमा ।

(च) स्वीकृत लोड भन्दा बढी विद्युत शक्ति प्रयोग गरेमा ।

(छ) घरको बिस्तार गर्दा अनुसूची-३१ मा तोकिएबमोजिम घर र प्रसारण तथा वितरण लाइनको बीचमा हुनुपर्ने न्यूनतम दुरी कायम नगरेमा ।

(ज) प्रचलित विद्युत महसुल संकलन विनियमावलीमा तोकेअनुसार स्वीकृत ग्राहक वर्गीकरण अनुसार विद्युत उपभोग नगरी अन्य वर्गमा उपभोग गरेमा वा एक किसिमको कामको लागि विद्युत लाइन लिई अन्य किसिमको काममा विद्युत शक्ति प्रयोग गरेमा । तर उद्योग व्यवसायको लागि दिएको विद्युत शक्ति सो उद्योग व्यवसायले चर्चेको जग्गाको कम्पाउण्डभित्र रहेको उद्योग/व्यवसायको सम्बन्धित कार्यालय र घरमा बत्ती तथा अन्य सबै घरायसी प्रयोजनको लागि समेत प्रयोग गर्न सकिनेछ ।

(झ) विद्युत चोरीको कसुरमा वा विद्युतको अनाधिकार उपभोगमा कारवाही भई वा अन्य कारणबाट विद्युत लाइन काटिएका कुनै ग्राहकलाई विद्युत लाइन प्रयोग गर्न दिएमा ।

(ञ) ग्राहकको घर कम्पाउण्डको ढोका बन्द भएको वा ताल्चा लगाइएको वा अन्य अवस्था परी मिटर रहेको स्थानसम्म प्राधिकरणको कर्मचारी पुग्न नसकेको कारणले लगातार तीन पटक सम्म मिटर रिडिङ्ग गर्न नपाइएमा वा ग्राहकको घर कम्पाउण्ड भित्र प्राधिकरणबाट खटाइएको कर्मचारीलाई विद्युत सप्लाइसँग सम्बन्धित बिषयमा निरीक्षण र जाँचबुझ गर्न नदिइएमा ।

(ट) खतरा वा नोक्सानी हुन नदिन वा विद्युत सुरक्षाका सम्बन्धमा प्रचलित ऐन, नियम वा विनियमको आधारमा प्राधिकरणले दिएको निर्देशनको पालना नगरेमा ।

(ठ) ग्राहकले प्राधिकरणसँग भएको अनुबन्ध बमोजिमको सर्तको पालना नगरेमा ।

(ड) यो विनियमावलीमा उल्लेख भएको अन्य कुनै कुराको उल्लंघन गरेमा ।

(ढ) घरभाडामा बस्ने व्यक्तिसँग घरधनी ग्राहकले प्राधिकरणले तोकेभन्दा बढी दररेटमा विद्युत महसुल लिएको पुष्टि भएमा ।

नोटः यस उपविनियमको प्रयोजनको लागि प्राधिकरणले तोकेको दररेट भन्नाले घरधनी ग्राहकले प्राधिकरणलाई तिरे बुझाएको मासिक रकमलाई सो महिनाको कुल खपत युनिटले भाग गर्दा कायम हुन आउने प्रति युनिट दररेट सम्झनु पर्दछ ।

(२) एउटैको स्वामित्वमा रहेको घर कम्पाउण्डमा एक भन्दा बढी विद्युत लाइन प्रयोग गरी कुनै एक विद्युत लाइनबाट खपत गरेको विद्युत शक्ति बापत प्राधिकरणलाई बुझाउनु पर्ने महसुल वा अन्य रकम नबुझाएको कारणले वा विद्युतको अनाधिकार उपभोग वा विद्युत चोरीको कारणले लाइन काटिई रकम नबुझाई बाँकी बक्यौता रहन गएमा सो बाँकी बक्यौता घर धनीबाट असुल उपर गरिनेछ । सो रकम नतिरेमा अर्को विद्युत लाइन पनि काट्न सकिनेछ ।

(३) कुनै ग्राहकले विद्युत महसुलसमेत नबुझाई बाँकी बक्यौता भएका ग्राहक वा निजको परिवारको सदस्यको नाममा नेपाल भित्रको कुनै स्थानमा रहेको अन्य घरजग्गा, उद्योग व्यवसायमा जडान भएको विद्युत लाइनसमेत काट्न सकिनेछ ।

(४) ग्राहकको घरको वायरिङ्ग वा विद्युत प्रणालीसँग जोडिएको उपकरण वा मालसामानमा कुनै दोष वा त्रुटि देखिएमा वा ग्राहकको घरको वायरिङ्गको कुनै सर्किट वा उपकरण वा मालसामानमा करेन्ट लिक (Current Leak) भएको पाईएमा । तर सो को मर्मत सुधार गरेपछि लाइन जोड्ने दस्तुर बुझाउन लगाई लाइन जोडिनेछ ।

(५) उप-विनियम (१), (२), (३) र (४) बमोजिम काटिएको विद्युत लाइन सम्बन्धमा प्राधिकरणबाट ग्राहकले प्राप्त गरेको सूचना बमोजिमको काम पूरा नगरेसम्म वा प्राधिकरणलाई तिर्नु बुझाउनुपर्ने रकम नबुझाएसम्म पुनः लाइन जोडिने छैन ।

(६) विनियम-२७ को उपविनियम (६) बमोजिम ग्राहकलाई छुट बिल बापत बिलिङ्ग गरी रकम बुझाउन दिइएको म्यादभित्र रकम नबुझाउने ग्राहकको लाइन काटिनेछ ।

(७) आवेदक वा ग्राहकले विनियम-३ मा उल्लेख भए बमोजिम पेश गरेका कागजात नक्कली भएको पुष्टि भएमा ।

(८) कुनै ग्राहकले घरजग्गा भाडामा लिई आफ्नो नाममा लाइन लिएकोमा सम्बन्धित घरजग्गा धनीले त्यस्तो लाइन कट्टा गर्न निवेदन दिएमा लाइन कट्टा गर्न सकिनेछ ।

(९) ग्राहकले अन्य तेस्रो व्यक्ति/संस्थालाई लाइन दिएमा ।

३२. **अस्थायी रूपमा लाइन काट्ने सम्बन्धी व्यवस्थाः**

प्राधिकरणले कुनै पनि ग्राहक वा निजको घरधनीले निजी कारण जनाई निजको विद्युत लाइन अस्थायी रूपमा काट्न आवेदन दिएमा तोकिएको दस्तुर र सो अवधिसम्मको महसुल लिई त्यस्तो लाइन काटिदिन सक्नेछ । तर यसरी लाइन काटिएको अवधिसम्म सम्बन्धित ग्राहकले न्यूनतम महसुल नियमित रूपमा तिर्नु पर्नेछ ।

३३. **पुनः लाइन जडान सम्बन्धी व्यवस्था :**

(१) विनियम ३१ र ३२ बमोजिम एक पटक लाइन काटिएका ग्राहकले पुनः लाइन जडान गर्न निवेदन दिँदा ग्राहक आफै घरजग्गा धनी भएको हकमा आफैले र भाडामा लिई उद्योग, व्यवसाय, संस्था संचालन गरेको भएमा सम्बन्धित घरजग्गा धनीको पुनः सहमती लिई निवेदन दिनु पर्नेछ ।

(२) उप-विनियम (१) बमोजिम काटिएको लाइन पुनः जोड्न ग्राहकले निवेदन दिएमा तोकिएको दस्तुर लिई पुनः लाइन जोडि दिइनेछ ।

(३) ६ महिना वा सो भन्दा बढी अवधिसम्म विद्युत लाइन काटिई पुनः साविककै ग्राहकको नाममा लाइन जडान गर्न माग गरेमा सो घरको वायरिङ्ग र मिटर प्राधिकरणले जाँच गरी ठिक भएको प्रतिवेदन प्राप्त भएपछि मात्र पुनः लाइन जोडिनेछ । साविकमा जडान भएको मिटर जाँचको लागि तोकिएबमोजिमको दस्तुर ग्राहकले तिर्नु पर्नेछ ।

## परिच्छेद -६

## ग्राहकको वर्गीकरण परिवर्तन, क्षमता घटबढ, ठाउँसारी, नामसारी एवम् लगत खारेज सम्बन्धी व्यवस्था

३४. **ग्राहक वर्गीकरण परिवर्तन सम्बन्धी व्यवस्थाः**

(१) ग्राहकले हाल कायम रहेको वर्गीकरण परिवर्तन गरी पाऊँ भनी कारण खुलाई सो को पुष्टि गर्ने कागजपत्र सहित निवेदन दिएमा सो उपर आवश्यक जाँचबुझ गर्दा मनासिब देखिएमा अनुसूची-२९ मा उल्लेख भएअनुसार अधिकार प्राप्त अधिकारीले त्यस्तो ग्राहकलाई प्रचलित विद्युत महसुल संकलन विनियमावली बमोजिमको ग्राहक वर्गीकरण अनुसार परिवर्तन गर्न सक्नेछ । यसरी ग्राहकको वर्ग परिवर्तन गर्दा पुरानो वर्गको बाँकी बक्यौता चुक्ता भएको हुनु पर्नेछ ।

(२) ग्राहकको वर्गीकरण परिवर्तन भएपछि ग्राहकले नयाँ कायम गरिएको वर्गीकरणमा पर्ने विद्युत महसुल बुझाउनु पर्नेछ ।

३५. **विद्युत शक्तिको क्षमता परिवर्तन सम्बन्धी व्यवस्थाः**

(१) ग्राहकले आफ्नो स्विकृत विद्युत क्षमता घटबढ गर्न अनुसूची-१७ बमोजिमको ढाँचामा निवेदन पेश गरेमा सो उपर जाँचबुझ गरी अनुसूची-२९ मा उल्लेख भएअनुसार अधिकार प्राप्त अधिकारीले क्षमता बढाउन वा घटाउन स्वीकृति दिन सक्नेछ । यसरी क्षमता घटवढ गर्दा लाग्ने दस्तुर र सामाग्री बापतको सम्पूर्ण खर्च ग्राहकले व्यहोर्नु पर्नेछ ।

(२) ग्राहकको क्षमता वृद्धिको लागि एउटै भोल्टेज स्तरको मिटर र सि.टी./पि.टी. बदली गर्नुपर्ने भएमा सो बापतको शुल्क लिई बदली गरि दिईनेछ सो बदली गर्दा प्राप्त हुने

मिटर, सि.टी./पि.टी. सम्बन्धित ग्राहकलाई फिर्ता दिईनेछ र मिटरमा लगाईएको सिल काटी मिटर नं समेत उल्लेख गरी त्यस्तो ग्राहकको अभिलेख कार्यालयले राख्नु पर्नेछ।

(३) उपविनियम (१) मा जेसुकै उल्लेख भएतापनि विद्युत लाइन जडान गरिएको वा क्षमता परिवर्तन भएको एक वर्ष नपुगी पुनः सो विद्युत लाइनको क्षमता घटाउन पाउने छैन । तर क्षमता वृद्धि गर्न वाधा पुऱ्याएको मानिने छैन ।

३६. **ठाउँसारी सम्बन्धी व्यवस्थाः**

(१) ग्राहकको घरजग्गामा जडान भएको मिटर सोही घर जग्गाको पायक पर्ने अर्को ठाउंमा वा सोही कम्पाउण्डको अर्को घरमा ग्राहकले अनुसूची-१८ बमोजिमको ढाँचामा ठाउँसारी गर्नको लागि निवेदन दिएमा प्राविधिक दृष्टिकोणले सो कार्य गर्न सकिने देखिएमा प्राधिकरणले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो मिटर ठाउँसारी गरीदिन सक्नेछ।

(२) ग्राहकको सोही कम्पाउण्डको अर्को घरमा मिटर ठाउँसारी गर्नु परेमा नयाँ विद्युत लाइन लिनको लागि आवेदन गर्दा पेश गर्नु पर्ने विनियम ३ को उपविनियम (१) अनुसारका कागजपत्रहरू पनि आवेदन साथ ग्राहकले पेश गर्नु पर्नेछ।

(३) ठाउँसारी गर्दा साविक मिटर र अन्य सामान मध्ये प्राधिकरणले जाँच गर्दा उपयुक्त देखिएको सामान प्रयोग गरिनेछ। कुनै सामान नपुग भएमा ग्राहक स्वयम्ले व्यवस्था गर्नु पर्नेछ।

(४) कुनै संघ/संस्थाको पहलमा अव्यवस्थित रूपमा रहेको घर/कलकारखानाहरूलाई व्यवस्थित पार्नका लागि मिटर ठाउँसारी गर्नुपर्ने भएमा प्राविधिक दृष्टिकोणले मिल्ने देखिएमा विद्युत लाइनतथा मिटरको ठाउँसारी गर्न सकिने छ।

(५) प्राधिकरणले ठाउँसारी गर्नु अघि सो ग्राहकको बाँकी बक्यौता र तोकिएको ठाउँसारी दस्तुरसमेत सम्पूर्ण रकम ग्राहकले बुझाएपछि ठाउँसारी गरिनेछ।

(६) मिटर ठाउँसारी सम्बन्धित वितरण केन्द्रको क्षेत्र भित्र गर्न सकिनेछ। यसरी ठाउँसारी गर्दा नयाँ विद्युत लाइन लिनको लागि विनियम-३ को उपविनियम (१) अनुसारका कागजपत्रहरू आवेदन साथ पेश गर्नु पर्नेछ।

(७) कुनै एक वितरण केन्द्रको ग्राहकले साविकको ग्राहक लगत खारेज गरी अर्को वितरण केन्द्रको क्षेत्रभित्र नयाँ विद्युत सेवा लिन आवेदन गरेको अवस्थामा साविकमा प्रयोग भएका विद्युतीय सामाग्रीहरू सम्बन्धित वितरण केन्द्र प्रमुखले सिफारिस गरेमा प्रयोगशालामा परीक्षण नगरी पुनः जडान गर्न सकिनेछ।

३७. **नामसारी सम्बन्धी व्यवस्थाः**

(१) एक ग्राहकको नामबाट अर्को व्यक्ति वा संस्थाको नाममा विद्युत लाइन/मिटर नामसारी गराउन परेमा आवेदकले अनुसूची-१९ बमोजिमको निवेदन भरी देहायका कागजातहरू पेश गर्नु पर्नेछ।

(क) नामसारीको आवदेन फाराम साथ तोकिएबमोजिमको विद्युत महसुल दस्तुर बुझाई राखेको सम्बन्धित ग्राहक कार्ड वा महसुल चुक्ता गरेको अन्तिम बिलको प्रतिलिपी।

(ख) आवेदकको फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ग) जुन व्यक्तिको नाममा विद्युत लाइन जडान भएको छ निज ग्राहकको मन्जुरीनामा वा मन्जुरीनामा पेश गर्न सम्भव नभएमा उक्त विद्युत लाइनमा हक हुन आएको प्रमाण कागजको प्रतिलिपि ।

(घ) नामसारी गरि लिने व्यक्ति वा संस्थाको घर जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।

(ङ) उद्योग/व्यवसायले नामसारी गराँउदा जुन निकायबाट उद्योग व्यवसायको इजाजत पत्र प्राप्त गरी उद्योग व्यवसाय सञ्चालन गरेको हो सोही निकायले उक्त उद्योग/व्यवसायको साविक नामबाट हालको नाममा नामसारी गर्न स्वीकृति दिएको सिफारिस ।

(२) सामान्यतया घरजग्गा धनीको नाममा मात्र ग्राहकको मिटर नामसारी गरिने छ । तर उद्योग/व्यवसाय वा संस्था वा कार्यालय कुनै घरजग्गामा भाडामा बसेको भए सम्बन्धित घर/जग्गाधनीको अनुसूची-३ बमोजिमको मंजुरीनामा पेश गरेमा त्यस्तो उद्योग/व्यवसाय वा संस्था वा कार्यालयको नाममा पनि ग्राहकको मिटर नामसारी गर्न सकिनेछ ।

(३) घरको स्वामित्व परिवर्तन भएपछि त्यस्तो घरमा साविक घरधनीको नाऊँमा रहेको विद्युत मिटरको नामसारी हालको घरधनीको नाममा गराउनु पर्नेछ ।

(४) कुनै व्यक्ति वा संघ/संस्थाले विद्युत नामसारीको लागि दिएको आवेदन प्राप्त भएपछि स्थानीय कार्यालयले सम्बन्धित प्रादेशिक/डिभिजन कार्यालयमा पठाउनु पर्नेछ र प्रादेशिक/डिभिजन कार्यालयले ३ (तीन) महिना भित्र राष्ट्रियस्तरको पत्रिकामा हक दाबी सम्बन्धी ३५ दिने म्याद तोकी ग्राहक नं., ठेगाना, नामसारी हुनेको नाम, ठेगाना सहितको सूचना प्रकाशित गरिनेछ । उक्त अवधिभित्र कसैले हक दाबी नगरेको खण्डमा वा हक दाबी प्रमाणित नभएमा वितरण केन्द्र प्रमुखले आवेदन माग बमोजिम विद्युत मिटर नामसारी गरि दिनेछ ।

(५) साविक ग्राहक र नामसारी हुने ग्राहकले उपविनियम (१) बमोजिमको नामसारी आवेदन फाराम सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गरी अनुसूची-२० बमोजिमको संयुक्त निवेदन दिएमा र वितरण केन्द्र प्रमुखलाई अरु कसैको हकदावी लाग्न सक्दैन भन्ने लागेमा ३५ दिने सूचना प्रकाशित नगरी यथाशीघ्र नामसारी गरि दिन सक्नेछ ।

(६) नामसारी गर्नु अघि उक्त ग्राहकको सम्पूर्ण बाँकी बक्यौता र तोकिएको नामसारी दस्तुर बुझाएको हुनु पर्नेछ ।

**३८. ठाउँसारी वा नामसारी गर्न प्रतिवन्ध सम्बन्धी व्यवस्थाः**

प्राधिकरणको विद्युत महसुल वा अन्य रकम बाँकी बक्यौता भएका वा विद्युत शक्तिको अनाधिकार उपभोग गरेको वा विद्युत चोरीमा कारवाही भइरहेको वा विनियम-१६ मा उल्लेख भए बमोजिम विद्युत लाइन जडान गर्नमा प्रतिबन्ध गरिएको अवस्था भएको घर जग्गामा वा त्यस्तो व्यक्ति/संस्थाको नाममा ठाउँसारी वा नामसारी गरिने छैन ।

**३९. लगत खारेज गर्ने व्यवस्था :**

(१) ग्राहकले विद्युत शक्ति प्रयोग गर्न नचाहेमा निजले आफ्नो नाउँमा भएको विद्युत लाइनको लगत खारेज गराउन अनुसूची-२१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम लगत खारेजको निवेदन प्राप्त भए पछि प्राधिकरणले त्यस्तो ग्राहकको लाइन काटी मिटर रिडिङ्ग अंक टिपी ल्याउनु पर्नेछ । मिटरमा देखिएको

युनिटको रकम, तोकिएको दस्तुर, चालु महिना सम्मको महसुल र अन्य बाँकी बक्यौता भएमा सो समेत सम्पूर्ण रकम बुझाएको मितिदेखि अनुसूची-२१ को प्रक्रिया पूरा गरी अनुसूची-२९ मा उल्लेख भए अनुसार अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा लगत खारेज गरिनेछ ।

(३) घर धनीले आफ्नो घरमा अन्य कसैको नाममा रहेको विद्युत लाइनको लगत खारेजीको लागि उप-विनियम (१) बमोजिमको निवेदन दिएमा प्राधिकरणले सो ग्राहकलाई जानकारी दिई उक्त विद्युत लाइन काटी लगत खारेज गर्न सक्नेछ । तर कुनै बाँकी बक्यौता रकम भएमा घरधनीले बुझाउनु पर्नेछ ।

(४) कुनै ग्राहकले लगत खारेज गराएमा अरु ग्राहकको विद्युत आपूर्तिमा असर नपर्ने भएमा त्यस्तो सामान (मिटर समेत) सम्बन्धित ग्राहकलाई नै फिर्ता दिइने छ । ग्राहकको घरमा विद्युत लाइन जडान गर्दा प्राधिकरणले दस्तुर लिई उपलब्ध गराएको कुनै पनि सामानको रकम फिर्ता गरिने छैन । उक्त ग्राहकले फिर्ता हुन आएका सामानहरू आफ्नो नाममा अन्यत्र अर्को विद्युत लाइन जडान गर्नको लागि प्रयोग गर्न चाहेमा प्राधिकरणले परीक्षण गर्दा उपयुक्त देखिएमा प्रयोग गर्न दिन सकिनेछ ।

(५) ग्राहक आफैंले अस्थायी रूपमा लाइन काट्न आवेदन दिएको कारणबाट लाइन काटिई नियमानुसार महसुल बुझाई राखेको अवस्थामा बाहेक अन्य कारणबाट विद्युत लाइन काटिएको मितिले ६ महिनासम्म पनि ग्राहकले पुनः नियमानुसार लाइन जडान गर्न नआएमा लाइन काटिएको मितिले ६ महिना पूरा भए पछि सो अवधिको न्यूनतम महसुल लिने गरी उक्त ग्राहकको लाइनको लगत स्वतः खारेज गरिनेछ ।

(६) उप-विनियम (५) बमोजिम लगत खारेज भएका ग्राहकको लगत खारेज भएको मितिदेखि महसुल लाग्ने छैन र त्यसरी लगत खारेज भएका ग्राहकहरूको नाम कालो सूची दर्ता कितावमा जनाइनेछ ।

(७) कालोसूचीमा परेका ग्राहकले बुझाउन बाँकी महसुल र अन्य बाँकी बक्यौतासमेतको रकम उक्त ग्राहकले धरौटी बुझाइराखेको भए प्राधिकरणले त्यसबाट कट्टागरी लिनेछ र सो धरौटीबाट नपुग भएको बाँकी रकम वा धरौटी नबुझाएको भए बाँकी सबै रकम ग्राहकले नतिरेमा प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनुको साथै राष्ट्रिय दैनिक पत्र पत्रिकामा ग्राहकको नाम तथा बाँकी महसुल तथा रकम उल्लेख गरी प्रकाशित गरिनेछ ।

(८) उप-विनियम (३) र (५) बमोजिम लगत खारेज भई बाँकी बक्यौता भएका ग्राहकको घरमा जडान भएको विद्युत लाइनको मिटर सहित सबै सामान प्राधिकरणले झिकी ल्याउनेछ । सामान झिकी ल्याएको ६ महिना भित्र ग्राहकले बाँकी बक्यौता रकम बुझाई सामान फिर्ता नलगेमा प्राधिकरण सामान दिन बाध्य हुने छैन ।

## परिच्छेद–७

## विद्युत सेवाका सम्बन्धमा पालना गर्नुपर्ने सामान्य सर्तहरू

४०. **ग्राहकले पालना गर्नुपर्ने सामान्य सर्त :**

(१) ग्राहकको घर जग्गा भित्र लगिएको विद्युत लाइन र जडान गरिएका मिटर तथा प्राधिकरणका अन्य सवै सामाग्रीहरूको सुरक्षाको जिम्मेवारी सम्बन्धित ग्राहकको हुनेछ ।

(२) प्राधिकरणले ग्राहकको घरमा विद्युत लाइन वा अन्य सामान जडान गर्दा केही भत्काउनु वा मर्मत गर्नुपर्ने भएमा सो मर्मत ग्राहक स्वयम्ले नै गर्नु पर्नेछ ।

(३) ग्राहकको घरमा विद्युत लाइन जडान गर्न निजलाई उपलब्ध गराउन भनिएको विद्युत सामाग्री तथा उपकरणहरू प्राधिकरणले तोकेबमोजिमको हुनु पर्नेछ ।

(४) अरु ग्राहकको विद्युत आपूर्तिमा बाधा पर्न सक्ने गरी कुनै पनि ग्राहकले विद्युत शक्ति प्रयोग गर्न हुँदैन ।

(५) कुनै पनि ग्राहकले आफ्नो मिटरबाट अरु व्यक्तिको घरमा विद्युत लाइन दिन हुँदैन ।

(६) ग्राहकले ग्याँस वा खानेपानीको पाइप लाइनलाई अर्थिङ्गको प्रयोजनको लागि प्रयोग गर्न हुँदैन र घरको वायरिङ्गलाई यस्तो पाइप लाइनबाट १० फिटको दुरीमा राख्नु पर्दछ ।

(७) ग्राहककोमा निर्धारित समयमा मिटर रिडिङ्ग गरी बिल उपलब्ध गराइने छ तर कारणबस ग्राहकको घरमा बिल प्राप्त हुन नसकेको भएमा ग्राहकले प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयमा सम्पर्क राखी बिल प्राप्त गरी सो महिनाको महसुल तोकिएको अवधिभित्र बुझाउनु पर्नेछ ।

(८) ग्राहकले एक किसिमको कामको लागि विद्युत लाइन लिई अर्को किसिमको काममा विद्युत शक्ति प्रयोग गर्नु हुंदैन । यसरी विद्युत शक्ति प्रयोग गर्न आवश्यक भएमा प्राधिकरणको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(९) ग्राहककोमा प्राधिकरणले जडान गरेको सर्भिस केबुल, मिटर बाकस, एम. सि.बी. र मिटर बिग्री वा जली मर्मत सम्भार वा फेर बदल गर्नुपर्ने भएमा प्राधिकरणको स्वीकृति नलिई ग्राहक स्वयम्ले मर्मत सम्भार गर्न वा फेर्न, अयन्त्र सार्न वा ल्याउन हुँदैन ।

४१. **प्राधिकरणले पालना गर्नुपर्ने सामान्य सर्त :**

(१) सबै ग्राहकलाई निरन्तर विद्युत आपूर्ति गरिनेछ । तर प्राविधिक वा अन्य कारणले विद्युत आपूर्ति हुन नसकेको कारणबाट भएको हानि नोक्सानी र त्यसको क्षतिपूर्तिको दायित्व प्राधिकरणमा रहने छैन ।

(२) ग्राहकको वायरिङ्गको जाँच प्राधिकरणबाट वितरक संस्थाको हैसियतले मात्र गरिनेछ । यस्तो जाँच र निरीक्षण पछि वायरिङ्गको दोषबाट ग्राहकलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा वा चोट पटक लागेमा प्राधिकरण जिम्मेवार हुने छैन ।

४२. **प्राधिकरणको कर्मचारीले जुनसुकै समयमा प्रवेश गर्न पाउने:**

(१) प्राधिकरणबाट जडान गरिएको विद्युत लाइन र उपकरणहरूको जाँचबुझ, मर्मत वा सुरक्षात्मक व्यवस्था गर्नु पर्ने भएमा वा ग्राहकद्वारा उपभोग गरिएको विद्युत शक्तिको

जाँच गर्नु पर्ने भएमा वा विद्युतको अनाधिकार उपभोग वा विद्युत चोरी भएको छ भन्ने सूचना प्राप्त भएमा वा सो शंका गर्नुपर्ने मुनासिव कारण भएमा सो को जाँचबुझ, मर्मत वा सुरक्षात्मक व्यवस्था गर्न आएको कर्मचारीले प्राधिकरणको परिचय पत्र देखाएमा ग्राहकले जुनसुकै बखत पनि त्यस्तो कर्मचारीलाई आफ्नो घर जग्गामा प्रवेश गर्न दिई उक्त कार्य गर्न दिनु पर्नेछ ।

(२) प्राधिकरणबाट उप-विनियम (१) बमोजिम कार्य गर्न खटिने कर्मचारीले आवश्यक भएमा स्थानीय प्रशासन वा प्रहरी वा स्थानीय तह लगायतको सहयोग लिन सक्नेछ ।

**४३. शन्ट क्यापासिटर प्रयोग गर्नुपर्ने :**

प्राधिकरणले ५ किलोवाट भन्दा बढी क्षमताको विद्युत मोटर वा वेल्डिङ्ग मेसिन भएका ग्राहकको मा मिटर जडान गर्दा अनुसूची-२२ मा उल्लेख भए बमोजिम शन्ट क्यापासिटर अनिवार्य रूपमा जडान गर्न लगाउनु पर्नेछ ।

## परिच्छेद-८

## भोल्टेज स्तर र आपूर्ति प्रणाली

४४. **भोल्टेज स्तर र आपूर्ति प्रणाली :**

(१) प्राधिकरणको प्रचलित विद्युत महसुल संकलन विनियमावली मा उल्लेख भए बमोजिमको विभिन्न वर्गीकरण अन्तर्गत विद्युत आपूर्ति लिन चाहने व्यक्ति वा संस्थालाई निजको विद्युत उपयोगको प्रयोजन, माग तथा प्राधिकरणमा उपलब्ध क्षमता र प्राविधिक जाँचको आधारमा प्रचलित विद्युत नियमावलीमा उल्लेख भएबमोजिमको सिमा (Tolerances) मा रही निम्न भोल्टेज स्तरमा विद्युत शक्ति आपूर्ति गरिनेछः

(क) लोटेन्सन (Low Tension) सप्लाई

तल्लो भोल्टेज स्तरः

(१) २३० भोल्ट (सिंगल फेज)

(२) ४०० भोल्ट (थ्रि फेज)

(ख) हाइ-टेन्सन (High Tension) सप्लाईः

(१) मझौला भोल्टेज स्तर ११ के.भी. र ३३ के.भि (थ्रि फेज)

(२) माथिल्लो भोल्टेज स्तर ६६ के.भी. र सो भन्दा माथि (थ्रि फेज)

(ग) फ्रिवेन्सीः ५० हर्ज

(घ) पावर फ्याक्टरः ०.८ ल्यागिङ्ग टु युनिटि (Lagging to Unity)

(२) लोटेन्सन सप्लाई अर्न्तगत ३० एम्पिएर सम्म मात्र सिंगल फेज सप्लाइ दिन सकिनेछ । ३० एम्पिएर भन्दा बढीको लागि थ्रि फेज सप्लाई दिइनेछ ।

(३) साधारणतया विद्युत शक्तिको स्वीकृत क्षमता ५० के.भी.ए. भन्दा बढी भएमा त्यस्तो ग्राहकलाई उपलब्धता अनुसार मझौंला वा माथिल्लो भोल्टेज स्तरमा विद्युत आपूर्ति गरिनेछ ।

(४) मझौला तथा न्यून भोल्टेज स्तरको वितरण लाइनको निर्माण प्राधिकरणको मापदण्ड (Construction Standard) बमोजिम हुनु पर्नेछ ।

## परिच्छेद-९

### विविध

**४५. निजी विद्युत प्रणालीबाट आपूर्ति गर्दा सहमति लिनुपर्नेः**

ग्राहकले आफ्नो सम्पूर्ण खर्चमा निजी जग्गामा निर्माण गराएको विद्युत प्रणालीबाट विद्युत आपूर्ति लिएको र त्यस्तो लाइनबाट त्यस क्षेत्रका अन्य ग्राहकहरूलाई विद्युत आपूर्ति गर्नुपर्ने अवस्था भएमा उक्त ग्राहकको सहमति लिई सो विद्युत प्रणालीबाट विद्युत आपूर्ति गर्न सकिनेछ।

**४६. पुरानो सामान सम्बन्धी व्यवस्थाः**

(१) ग्राहकको खर्चबाट बनाई यस विनियमावलीमा उल्लेख भएबमोजिम प्राधिकरणको स्वामित्वमा आएका वितरण लाइन अथवा अन्य विद्युतीय सामाग्रीको प्राधिकरणले मर्मत सम्भार गर्दा वा फेरबदल गर्दा निस्कन गएको पुरानो मालसामान प्राधिकरणको हुनेछ।

(२) विद्युत शक्तिको अनाधिकार उपभोग वा विद्युत चोरी नियन्त्रण गर्ने क्रममा जफत गरिएको सामान ६० (साठ्ठी) दिन भित्र सम्बन्धित व्यक्ति वा ग्राहकले हानी नोक्सानी बापतको रकम बुझाई फिर्ता नलगेमा प्राधिकरणले उक्त सामान लिलाम गर्न सक्नेछ।

**४७. ग्राहकको विवरण तथा सूची राख्ने सम्बन्धी व्यवस्थाः**

(१) विद्युत लाइन जडान गर्नको लागि आवेदकले पेश गरेको विनियम-३ को उपविनियम (१), (२) र (३) मा उल्लेख भएको कागजात, लाइन जडान गर्ने सम्बन्धमा तयार गरिएको विवरण र मिटर जडान कार्यसँग सम्बन्धित कागजात समेतलाई ग्राहक लगतको फाईल बनाई स्थानीय कार्यालयले सुरक्षितसाथ राख्नु पर्नेछ।

(२) विद्युत लाइन जडान भएपछि ग्राहकको घर जग्गामा जडान भएको विद्युत लाइन र मिटरको मर्मत संभार वा अन्य कुनै कारवाही भएको भए सो सँग सम्बन्धित कागजात ग्राहकको लगतको फाईलमा स्थानीय कार्यालयले सुरक्षित साथ राख्नु पर्नेछ।

(३) ग्राहकको ठाउँसारी, क्षमता घटबढ, ग्राहक वर्गीकरण परिवर्तन, नामसारी, लगत खारेजी र मिटर बदली गरिएको अधावधिक विवरण अनुसूची-२३ बमोजिम ग्राहकको लगतको फाईलमा स्थानीय कार्यालयले राख्नु पर्नेछ।

(४) विद्युत वितरण क्षेत्रभित्र विद्युत उपभोग गरिरहेका ग्राहकहरूको तथा नयाँ ग्राहक हुन चाहने व्यक्तिहरूको सूची अद्यावधिक रूपमा तयार गरी राख्नु पर्नेछ।

(५) विनियम १५ बमोजिम ६ महिनाको खपत बराबरको अनुमानित विद्युत महसुल धरौटी लिई विद्युत सेवा प्राप्त गरिरहेका अस्थायी ग्राहकहरूको अलग सूची राख्नुपर्नेछ।

(६) विनियम ३९ को उपविनियम (६) बमोजिम लगत खारेज भै कालोसूची दर्ता किताबमा नाम जनाइएका ग्राहकहरूको वा विनियम-३१ को उपविनियम (१) र (२) बमोजिम विद्युत शक्तिको अनाधिकार उपभोग वा विद्युत चोरी गरी महसुल, दस्तुर, क्षतिपूर्ति, अतिरिक्त महसुल वा अन्य कुनै तिर्नुपर्ने रकम नबुझाएको व्यक्ति अथवा ग्राहकको वा विद्युत महसुल बाँकी बक्यौता भएको कारणले लाइन काटिएका ग्राहकहरूको बेग्ला बेग्लै अद्यावधिक सूची अनुसूची-२४, २५ र २६ ढाँचामा वनाई राख्नु पर्नेछ।

(७) प्राधिकरणको स्थानीय कार्यालयले सबै ग्राहकको विद्युत आवेदन फाराम लगायत ग्राहकसँग सम्बन्धित कागजातहरू अनिवार्य रूपमा स्क्यानिङ्ग (Scanning) गरी सो को डिजिटल प्रति राख्नु पर्नेछ। यस्तो कागजातहरूलाई आय सफ्टवेयर (Revenue software) सँग जोड्न सकिनेछ।

४८. **सि.टी./पि.टी. जडान तथा परीक्षण प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

(१) ग्राहककोमा सि.टी./पि.टी. भएको मिटर जडान गरिसकेपछि अनुसूची-२७ बमोजिमको ढाँचामा मिटर कमिसनिङ रिपोर्ट २ प्रति भरी एक प्रति ग्राहकलाई बुझाई अर्को प्रति कार्यालयमा रहेको ग्राहकको लगत फाईलको अभिलेखमा राख्नु पर्नेछ।

(२) ग्राहकको घर/उद्योग/व्यवसायमा सि.टी./पि.टी. जडान गर्नुपर्ने भई ग्राहक आफैले सि.टी./पि.टी. खरिद गरी ल्याएको अवस्थामा सो सि.टी./पि.टी. को प्राधिकरणले परीक्षण गरी प्रतिवेदन दिनु पर्नेछ।

४९. **रिचार्जेवल कार्य सम्बन्धी व्यवस्थाः**

(१) प्राधिकरणले ग्राहक वा आवेदकको अनुरोधमा अनुसूची-२९ मा उल्लेख भएअनुसार अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा नियमानुसार लाग्ने अग्रिम रकम लिइ लाइन बिस्तार कार्य गरिदिन सक्नेछ।

(२) प्राधिकरणले लागत अनुमान तयार गर्दा समय समयमा तोकिएको ओभरहेड खर्च थप गरी लागत अनुमान तयार गरी सो अनुसारको रकम आवेदकबाट अग्रिमरूपमा लिइनेछ।

(३) ....................[१०]

(४) जडान रकम छुट्टै नदेखिने सामान आपूर्तिसमेतको निर्माण कार्यको ठेक्का पट्टाको ओभरहेड खर्च निकाल्दा स्टीमेटमा उल्लेखित जडान रकमलाई आधार मान्नु पर्नेछ।

(५) प्राधिकरणको वितरण प्रणालीमा आबद्ध हुने गरी कुनै ग्राहक वा निकायले वितरण प्रणाली निर्माण गर्दा **प्राधिकरणबाट तोकिएको मापदण्ड कमोजिम गर्नु पर्नेछ र** प्राधिकरणबाट अनिवार्यरूपमा सुपरिवेक्षण गराउनु पर्नेछ। यस्तो सुपरिवेक्षण गर्दा कुल लागत अनुमानको १.५ प्रतिशत बराबरको रकम प्राधिकरणको स्थानीय कार्यालयमा बुझाउनु पर्नेछ।[११]

५०. **विद्युतीय संरचना स्थानान्तरण सम्बन्धी व्यवस्थाः**

विद्युतीय संरचना स्थानान्तरण गर्दा प्राधिकरणको प्रचलित विद्युतीय संरचना स्थानान्तरण सम्वन्धी कार्यविधि बमोजिम हुनेछ।

५१. **ग्रिड कोड, ग्रिड प्रभाव अध्ययन (Grid Impact Study) तथा कनेक्सन एग्रिमेन्ट (Connection Agreement) सम्वन्धी व्यवस्थाः**

(१) ६६ किलो भोल्टेज र सो भन्दा माथिल्लो भोल्टेजमा विद्युत उपलब्ध गराउँदा अपनाउनु पर्ने प्रक्रिया ग्रीड कोडमा उल्लेख भए अनुसार हुनेछ।

(२) ६६ किलो भोल्टेज भन्दा कम भोल्टेज स्तरमा विद्युत उपलब्ध गराउँदा नयाँ कनेक्सनको हकमा ३ एम.भि.ए. र क्षमता वृद्धिको हकमा ५ एम.भि.ए. भन्दा बढी भएमा "Grid Impact Study (GIS) गर्दा अवलम्बन गर्नुपर्ने मान्यताहरू (Assumptions), प्रवर्द्धकले बुझाउनुपर्ने दस्तुरको पुनरावलोकन र कनेक्सन एग्रिमेन्टमा एकरुपता कायम गर्ने सम्बन्धमा प्रचलित निर्देशिका-२०७१ बमोजिम गर्नु पर्नेछ।

(३) १ मेगावाटभन्दा कम क्षमता भएका विद्युत उत्पादन आयोजनाको हकमा Grid Impact Study (GIS) गर्नु पर्ने छैन। तर सो भन्दा बढी क्षमताको उत्पादन आयोजनाहरूको अनिवार्यरूपमा GIS गर्नु पर्नेछ।

---

[१०] संचालक समितिको मिति २०७९।१२।२४ को ९३२औं बैठकको निर्णयबाट हटाईएको।

[११] संचालक समितिको मिति २०७९।१२।२४ को ९३२औं बैठकको निर्णयबाट संशोधित।

(४) ३३ के.भी. प्रसारण लाइनसम्मको Connection Agreement सम्बन्धित प्रादेशिक/डिभिजन कार्यालयबाट गरिनेछ।

**५२. संशोधन/व्याख्या गर्ने अधिकार:**

यस विनियमावलीको कुनै विनियमको व्याख्या तथा संशोधन गर्नु परेमा समितिले गर्न सक्नेछ र समितिको व्याख्या अन्तिम हुनेछ।

**५३. बाधा अड्काउ फुकाउने सम्बन्धी व्यवस्था:**

कुनै ग्राहकलाई प्रदान गर्ने सेवाका सम्बन्धमा यो विनियमावलीमा स्पष्ट उल्लेख नभएको कारणले कुनै निर्णय गर्न कठिनाई परेमा विनियमावलीको मर्मको प्रतिकूल नहुने गरी मुख्य प्रशासकीय अधिकृतले त्यस्तो विषयको सम्बन्धमा बाधा अड्काउ फुकाई आवश्यक निर्णय तथा आदेश जारी गर्न सक्नेछ।

**५४. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था:**

(१) यो विनियमावलीमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा बाहेक प्राधिकरणले गर्ने भनी उल्लेख भएको विषयमा निर्णय गर्ने अधिकार समितिलाई हुनेछ।

(२) यो विनियमावली बमोजिम मुख्य प्रशासकीय अधिकृतलाई भएको कुनै वा सबै अधिकार निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**५५. प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्था:**

(१) यो विनियमावली बमोजिम भएको कुनै कारवाही तथा निर्णय उपर कुनै ग्राहक वा व्यक्ति वा संस्थालाई चित्त नबुझेको खण्डमा निर्णय कारवाहीको सूचना प्राप्त भएको मितिले ३० दिनभित्र स्थानीय कार्यालयमार्फत वा सोझै विनियम ५६ बमोजिम गठित प्रशासकीय पुनरावलोकन समिति समक्ष निवेदन गर्न सक्नेछ।

(२) प्राधिकरणबाट छुट बिलिङ्ग सम्बन्धमा गरिएको निर्णय उपर पुनरावलोकनको निवेदन दायर गर्ने ग्राहकले छुट बिलिङ्ग बापतको २५ प्रतिशत रकम धरौटीस्वरुप जम्मा गर्नु पर्नेछ।

(३) उप-विनियम (१) बमोजिम दायर भएको प्रशासकीय पुनरावलोकनउपर पुनरावलोकन समितिले ३५ दिन भित्र निर्णय गरी निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ। प्रशासकीय पुनरावलोकन समितिबाट भएको निर्णय अन्तिम हुनेछ।

**५६ . प्रशासकीय पुनरावलोकन समिति:**

(१) ग्राहकले विनियम ५५ बमोजिम पुनरावलोकनको निवेदन दायर गरेमा सो को प्रयोजनको लागि समितिले देहायबमोजिमको प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ।

(२) समितिमा देहायको सदस्य रहने छन् :

| | |
|---|---|
| (क) समितिले तोकेको सञ्चालक | - अध्यक्ष |
| (ख) मुख्य प्रशासकीय अधिकृत वा निजले तोकेको उप कार्यकारी निर्देशक/महाप्रबन्धक | - सदस्य |
| (ग) ऊर्जा मन्त्रालय वा विद्युत विकास विभागका एक जना विशेषज्ञ | - सदस्य |
| (घ) प्राधिकरणको कानुन विभागको निर्देशक | -सदस्य सचिव |

(३) समितिको कार्यविधि आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(४) समितिको सचिवालयको कार्य कानुन विभागले गर्नेछ।

**५७. प्रचलित कानुन बमोजिम हुनेः**

विद्युत वितरण सम्बन्धी कुराहरूको सम्बन्धमा यस विनियमावलीमा लेखिएको कुराहरूका हकमा यसै विनियमावली बमोजिम नै हुनेछ । यस विनियमावलीसँग बाझिएका अन्य विनियमहरू बाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ । यस विनियमावलीमा उल्लेख नभएका कुराहरूको हकमा प्राधिकरणको अन्य विनियमावली तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५८. खारेजी र बचाउः**

(१) नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०६९ खारेज गरिएको छ ।

(२) नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०६९ अनुसार भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिने छन् ।

# अनुसूची-१

(विनियम-३ को उप-विनियम (१) र विनियम-१५ को उप-विनियम (१) संग सम्बन्धित)

## नेपाल विद्युत प्राधिकरण
## Nepal Electricity Authority
## विद्युत आवेदन फारम

श्री नेपाल विद्युत प्राधिकरण,

.......................वितरण केन्द्र/कार्यालय,

................................. ।

म/हामीलाई तल लेखिएबमोजिम विद्युत शक्ति आवश्यक भएकोले तलको ठेगानामा विद्युत शक्ति आपूर्ति गरिदिनु हुन आवेदन गर्छु/गर्दछौं । आपूर्ति गरिएको विद्युत शक्तिको लागि समय समयमा लागू हुने महसुल दर अनुसार महसुल तिर्न र प्रचलित ऐन-नियम, विनियम तथा विद्युत सेवा सम्बन्धी सर्तहरू पालना गर्न स्वीकार गर्दछु/गर्दछौ ।

१. आवेदकको नाम २. पेशा वा संस्थाको किसिम

३. बाबु/पतिको नामः

४. बाजे/ससुराको नामः

५. घरधनीको नामः

६. बिजुली जडान गरिने स्थानको पूरा ठेगाना :

| | | | |
|---|---|---|---|
| घर नं. | टोल | वडा नं. | न.पा./गा.पा. |
| जिल्ला | फोन नं. | घर | कार्यालय |
| ईमेल ठेगानाः | | मोवाइल नं. | |

७. विजुली जडान हुने स्थानको विवरण (घर, पसल इत्यादि) तल्ला

८. घरको बनोट : फुस/खपडा/पक्का/जस्ता/जम्मा कोठा (किचन, बाथरुम छोडेर)

९. वायरिङ्ग गर्ने ठेकेदारको नाम र ठेगाना :

